# परिच्छेदः एक

# शोधको परिचय

## १.१ विषय परिचय

हिमशिखर साहित्यिक पत्रिका हेमजा साहित्य प्रतिष्ठानद्वारा वार्षिक रूपमा प्रकाशित गरिने पत्रिका हो । साहित्यको विकासका लागि विभिन्न संघ संस्थाहरूले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । यस्ता संस्थाहरूमध्ये हेमजा साहित्य प्रतिष्ठान पनि एक साहित्यको विकास र विस्तारमा समर्पित एउटा नमूना संस्था हो । यो नेपालको गण्डकी अञ्चल कास्की जिल्ला अन्तर्गत हेमजा गा.वि.स. मा अवस्थित रहेको छ । यस संस्थाले १ वर्षका १ अङ्कका हिसावले नियमित रूपमा हिमशिखर पत्रिका प्रकाशन गर्दै आएको छ । साहित्यका विभिन्न विधाको विकास गर्दै स्थापित र भर्खर कलम चलाउन लागेका नव प्रतिभावान् स्रष्टाहरूको एउटा साहित्यिक चौतारीका रूपमा हेमजा साहित्य प्रतिष्ठान रहेको छ । यस संस्थाको मुख्य उद्देश्य स्रष्टाहरूको प्रतिभालाई मर्न नदिई प्रस्फुटन गराउने हो । यसको स्थापना हेमजामा रहेका विभिन्न स्थानीय साहित्यकार, बुद्धिजीवी र समाजसेवीहरूको सक्रियतामा भएको हो । वि. सं. २०५४ सालमा स्थापना गरिएको यस संस्थाले वर्तमान समयसम्म आइपुग्दा विभिन्न साहित्यिक क्रियाकलापहरूसञ्चालन गर्दै अगाडि बढेको देखिन्छ ।

साहित्य समाजको दर्पण हो । दर्पण रूपी साहित्यका माध्यमबाट समाजको रूपान्तरण गर्ने र स्थानीय नव सर्जकहरू प्रतिभाहरूका भावना र सिर्जनालाई प्रकाशन गर्दै जाने उद्देश्यका साथ यस संस्थालें २०५५ सालदेखि नियमित रूपमा हिमशिखर नामक साहित्यिक पत्रिका प्रकाशन गर्दै आएको छ ।साहित्यका विभिन्न विधामध्येको एक शसक्त विधा कविता हो । यस संस्थाबाट प्रकाशित भएका हिमशिखर  पत्रिकाका विभिन्न अङ्कमा पनि कविता सिर्जनालाई विशेष महत्वका साथ समावेश गरिएको छ । कवितालाई साहित्य रचनाको पहिलो खुड्किलोका रूपमा लिने गरिन्छ । धेरै स्रष्टाको सिर्जनको प्रवेश कविताबाट भएको देखिन्छ । यस संस्थाद्वारा नियमित रूपमा प्रकाशित हुँदै आएको हिमशिखर पत्रिकामा पनि धेरै स्रष्टाहरूका कविताहरू समावेश गरिएको छ । भनिन्छ कविता साहित्यको लालित्यपूर्ण लयात्मक विधा हो । लयात्मक ढङ्गले प्रस्तुत गरिने कवितालाई गद्य र पद्य गरी वर्गीकरण

गरिन्छ । चाहे त्यो गद्य होस् या पद्य नै किन नहोस । प्रस्तुत अध्ययन हिमशिखर पत्रिका रहेका पद्यात्मक नभई गद्यात्मक कविताको अध्ययनमा केद्रित रहेको छ । जहाँ अग्रज र नवप्रतिभावन् कविहरूका कवितालाई अध्ययनको विषयवस्तुबनाइएको छ । यस अध्ययनमा संस्थाबाट हालसम्म प्रकाशित गरिएका १० वटा अङ्कभित्र रहेका कवि स्रष्टाहरूका प्रतिनिधिगद्य कवितालाई मात्र अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

प्रस्तुत अध्ययनमा निम्न लिखित समस्याहरू रहेका छन् :

क)हेमजा साहित्य प्रतिष्ठानले के कस्ता कार्य गरेको छ ?

ख)हिमशिखर पत्रिकामा प्रकाशित गद्य कविता के कस्ता रहेका छन ?

ग) नेपाली कवितामा यिनीहरूको योगदान कस्तो देखिन्छ ?

## १.३ शोधको उद्देश्य

माथि प्रस्तुत अध्ययनमा निम्न लिखित उद्देश्य रहेको छ :

क) हेमजा साहित्य प्रतिष्ठानले गरेका कार्य र गतिविधिको अध्ययन गर्ने,

ख) हिमशिखर पत्रिकामा प्रकाशित गद्य कविताहरूको अध्ययन विश्लेषण गर्ने ।

ग) नेपाली कवितामा यी कविताहरूको योगदान चिनाउने ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको विकासमा विभिन्न साहित्यिक संघ संस्थाहरूले पुऱ्याएको योगदान महत्वपूर्ण देखिन्छ । यस्तै संस्थाहरूमध्येको एक हो हेमजा साहित्य प्रतिष्ठान । यस संस्थाले नियमित रूपमा प्रकाशन गर्ने हिमशिखर पत्रिकामा साहित्यका विभिन्न विधाहरूका सिर्जना फेला पार्न सकिन्छ । ती विधाहरूमध्येको

सबैभन्दा बढी रचना रहेको विधा हो कविता । वि.सं. २०५५ देखि यताका जम्मा १० वटा प्रकाशित अङ्कलाई अध्ययन गरिएको छ । यिनै १० वटा अङ्कमा रहेका कविताहरूको अध्ययन गर्नु यस कार्यको उद्देश्य हो । कविताको विश्लेषणका लागि १० वटा अङ्कमा रहेका कविताहरूसङ्ख्यागत दृष्टिले धेरै हुने भएकाले जम्मा १५ जना व्यक्तिहरूका गद्य कविताहरूको मात्र अध्ययन विश्लेषण गरिएको छ । हेमजा साहित्य प्रतिष्ठानका निबन्ध, कथाजस्ता विधामा केही अध्ययन भएको देखिन्छ भने कविताको अध्ययन भएको देखिँदैन । केही फूटकर रूपमा समग्र अध्ययन विश्लेषण भएको देखिन्छ । तर यो पर्याप्त भने मान्न सकिदैन । प्रस्तुत अध्ययन कार्य सम्पन्न गर्नका लागि विषयसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, अध्ययन कार्यलाई सहयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ । त्यस्ता प्राप्त भएका सहयोगीपूर्ण सामग्रीहरूलाई कालक्रमिक रूपमा तल प्रस्तुत गर्न सकिन्छ ।

दिव्यलक्ष्मी घिमिरे (२०६६)ले **हिमशिखर पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन** नामक अप्रकाशित स्नातकोत्तर शोध पत्रमा नेपाली साहित्यको विकासमा हिमशिखर पत्रिकाको स्थान महत्वपूर्ण रहेको बताउँदै साहित्यका विभिन्न विधामा योगदान पुऱ्याएको चर्चा गरेकी छन् । यसका साथै यिनले हिमशिखर पत्रिकामा प्रकाशित भएका कथा विधालाई अध्ययनको क्षेत्र निर्धारण गरेकी छन् । त्यस क्रममा कथाका लागि आवश्यक पर्ने तत्वहरूका आधारमा कथाको विश्लेषण गरेकी छन् । जहाँ विषयवस्तुका रूपमा सामाजिक, आर्थिक, राजनैतिक, सांस्कतिकजस्ता कुराहरूरहेका छन् भने त्यहाँ प्रयोग गरिएको भाषाशैली कतै माझिएको देखिन्छ त कतै नवप्रतिभावन स्रष्टाहरूलाई स्थान दिदा भाषाशैलीमा निख्खारता आउन सकेको देखिदैन ।यस अध्ययनमा कथालाई लक्षित गरिएको हुँदा कविताको अध्ययन भएको छैन ।

सरस्वती कुमारी के.सी. (२०६६) ले**नेपाली साहित्यको विकासमा हेमजा साहित्य प्रतिष्ठानको संस्थागत योगदान** शीर्षकको अप्रकाशित स्नातकोत्तर शोध पत्रमा हेमजा साहित्य प्रतिष्ठानको परिचय अन्तर्गत प्रतिष्ठानका उद्देश्य, विभिन्न गतिविधिका साथै स्थापना कालदेखि हालसम्म योगदान गरेका विभिन्न समयमा समितिका पदाधिकारीको विवरणलाई प्रस्तुत गरिएको छ । यस्तै हेमजा साहित्य प्रतिष्ठानका गतिविधिहरूमा विभिन्न जयन्तीका अवसरमा साहित्यिक कार्यक्रम गरिएको, वृद्ध नागरिकप्रति सम्मान तथा वाचनालय सञ्चालन गरिएको, विद्यालय स्तरीय विभिन्न कार्यक्रमअन्तर्गत वक्तृत्व, निबन्ध, कविता, वादविवाद, हाजिरी जवाफ प्रतियोगिताका साथै साहित्यिक गोष्ठीसमेत सञ्चालन गरेको कुरा

अध्ययनमा प्रस्तुत गरिएको छ । साहित्यमा विशेष योगदान पुऱ्याए बापत विभिन्न व्यक्तित्वहरूलाई सम्मान, पत्रपत्रिका तथा पुस्तक प्रकाशन, शुभप्रभात काव्यमाला नियमित कार्यक्रम, छन्द प्रशिक्षण तथा भ्रष्टाचार विरूद्धको साहित्यिक अभियानजस्ता विभिन्न कार्यक्रमहरू निमित र निरन्तर गर्दै साहित्यमा विशेष योगदान पुऱ्याएको कुरा उल्लेख गरिएको छ । यति हुँदा हुँदै पनि हिमशिखर कविताको अध्ययन भएको छैन ।

शारदा रेग्मी (२०७२) ले **हिमशिखर पत्रिकामा प्रकाशित निबन्धहरूको अध्ययन** शीर्षकको स्नातकोत्तर शोध पत्रमा पूर्णाक १ देखि १२ सम्म का पत्रिकामा प्रकाशित भएका विभिन्न निबन्धहरूलाई विश्लेषण गरिएको छ । सो क्रममा निबन्धको सैद्धान्तिक परिचय र नेपाली निबन्धको विकास प्रस्तुत गर्दै हेमजा साहित्य प्रतिष्ठान र हिमशिखर पत्रिकामा प्रकाशित निबन्धहरूको संक्षित विवरण उल्लेख गरिएको छ । जसअन्तर्गत हेमजा साहित्य प्रतिष्ठानको परिचय, उद्देश्य, गतिविधि, हिमशिखर पत्रिकाको चिनारी, पत्रिकाले समेटेका विधाका साथै हिमशिखर पत्रिकामा प्रकाशित निबन्धहरूको कालक्रमिक अनुक्रमणिकालाई प्रस्तुत गरिएको छ । कविताका विषयमा यस अध्ययनमा पनि केही उल्लेख गरिएको छैन ।

माथि प्रस्तुत गरिएका पूर्व कार्य बाहेक हिमशिखर पत्रिकामा केन्द्रित रहेर कविताका विषयमा अध्ययन अनुसन्धान भएको देखिदैन । त्यसैले प्रस्तुत अध्ययनले हिमशिखर पत्रिकामा प्रकाशित केही प्रतिनिधिमूलक गद्यात्मक कविताहरूको विश्लेषणमा आधारित रहेर प्रस्तुत शोध कार्यलाई सम्पन्न गरिएको छ ।

## १.५ शोधको औचित्य

साहित्य मानवीय अभिव्यक्तिको एक सशक्त माध्यम हो, जसले समाजमा रहेका विभिन्न पक्षलाई प्रस्तुत गर्ने कार्य गर्छ । कुनै पनि स्रष्टाको सिर्जनात्मक क्षमतालाई प्रस्तुत गर्ने कुनै न कुनै माध्यमको आवश्यकता रहन्छ । यस्तो माध्यमको आवश्यकता पूर्तिका लागि विभिन्न साहित्यिक संघ संस्थाहरू स्थापना भएका छन् र हुँदै आएका छन् । यस्तै मध्येको एक संस्था हो,हेमजा साहित्य प्रतिष्ठान । यसले नेपाली साहित्यको विकासमा योगदान पुऱ्याउँदै आएको देखिन्छ । नियमितरूपमा प्रकाशित हुँदै आएको

हिमशिखर पत्रिका मार्फत विभिन्न स्रष्टाहरूलाई मञ्च प्रदान गरेको छ । साहित्यका विभिन्न विधालाई समावेश गर्दै आएको हिमशिखर पत्रिकाले साहित्यमा नव प्रवेशी र स्थापित स्रष्टाहरूका सिर्जनालाई प्रकाशित गर्दै आएको छ । विभिन्न विधाहरू मध्येको सबैभन्दा बढी सिर्जना गरिएको विधा हो कविता । त्यसैले प्रस्तुत हिमशिखर पत्रिकामा प्रकाशित गद्य कविताहरूको अध्ययन ऐतिहासिक तथा नयाँ ज्ञानको प्रतिपादन गर्ने कार्य भएकाले यो अध्ययन औचित्यपूर्ण देखिन्छ । साथै यो अध्ययन एक प्राज्ञिक कार्य भएकाले यसबाट विभिन्न पाठक, स्रष्टा, समालोचक आदि व्यक्तिहरू लाभान्वित हुने भएकाले पनि औचित्यपूर्ण नै देखिन्छ ।

## १.६ शोधकार्यको सीमा

हेमजा साहित्य प्रतिष्ठानद्वारा प्रकाशित हिमशिखर नामक साहित्यिक पत्रिकामा समाविष्ट गद्य कविताको अध्ययन विश्लेषण गर्ने मूल समस्यामा केन्द्रित यस शोधकार्यद्वारा हिमशिखर पत्रिकाको १ देखि १० अङ्कसम्म प्रकाशित गद्य कविताहरू मध्ये केही प्रमुख प्रतिनिधिमूलक कविताहरूको अध्ययन विश्लेषण गरिएको छ । हिमशिखर पत्रिकामा रहेका विभिन्न विधाहरूमध्ये सबैभन्दा बढी सिर्जना गरिएको विधा भनेको कविता नै हो । उक्त पत्रिकामा रहेका सबै कविताको विश्लेषण गर्दा शोध गुणात्मक नभई परिमाणात्मक मात्र हुने भएकाले जम्मा १५ जना स्रष्टाका जम्मा ४० वटा गद्य कविताको मात्र अध्ययन क्षेत्र निर्धारण गरिएकाले यत्ति कवितामा मात्र केन्द्रित रही शोध कार्य सम्पन्न गरिएको छ ।

## १.७ शोध विधि

प्रस्तुत शोध सम्पन्न गर्नका लागि पुस्तकालयीय विधिबाट हिमशिखर अङ्क १ देखि १० सम्मका कविताको अध्ययन गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

यस शोध कार्य सम्पन्न गर्न आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू पुस्तकालयीय अध्ययन कार्यबाट सङ्कलन गरिएको छ । पाठ्य सामग्रीका रूपमा हिमशिखर पत्रिकाको अङ्क १ देखि १० सम्मका

कविताहरूलाई लिनका साथै हिमशिखर पत्रिकाका बारेमा हेमजा साहित्य प्रतिष्ठानका संस्थापक पदाधिकारी देखि हालसम्मका पदाधिकारीहरूसँग लिइएका जानकारी र सूचनालाई पनि सहायक सामग्रीका रूपमा लिइएको छ ।

### १.७.२ सामाग्री विश्लेषण विधि

हेमजा साहित्य प्रतिष्ठानद्वारा प्रकाशित हिमशिखर पत्रिकामा रहेका कविताहरूको विश्लेषणका लागि प्रथमतः कविता विश्लेषणका आधारहरूलाई अवलम्बन गरिएको छ, जसमाकविता सिद्धान्त र नेपलाी कविताका विकासक्रम समेतलाई अवलम्बन गरिएको छ । यस कार्यमा विश्लेषणका लागि वर्णनात्मक, व्याख्यात्मक विधिको उपयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधलाई व्यवस्थित र वैज्ञानिक रूपमा प्रस्तुत गर्नको लागि निम्नलिखित अध्यायमा परिच्छेद विभाजन गरिएको छ :

अध्याय एकः शोध परिचय

अध्याय दुईः काव्यको सैद्धान्तिक स्वरूप

अध्याय तीनः हेमजा साहित्य प्रतिष्ठानको चिनारी

अध्याय चारः हिमशिखर पत्रिकाका गद्य कविताहरूको अध्ययन र विश्लेषण

अध्याय पाँचः सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्री

# परिच्छेद : दुई

# कविताको सैद्धान्तिक स्वरूप

## २.१ कविताको परिचय

कविता साहित्यको एक प्राचीन र प्रसिद्ध विधा भएकाले यसका बारेमा पूर्व र पश्चिम दुवैतर्फ व्यापक चर्चा भएको पाइन्छ । अन्य विधाका तुलनामा कवितालाई सबैभन्दा विकसित विधा मानिन्छ । पूर्वीय साहित्यशास्त्रमा साहित्यको पर्यायवाचीका रूपमा काव्य शब्दको प्रयोग गरिएको पाइन्छ । 'कवि' शब्दमा 'य' प्रत्यय लागेर 'काव्य' शब्दको निर्माण भएको हो । 'काव्य' शब्दले कविले रचेको अथवा सृजना गरेको रचना भन्ने अर्थलाई  बुझाउँछ । काव्य रचना गर्ने स्रष्टालाई कवि भनिन्छ । संस्कृतको वर्णन गर्नु भन्ने अर्थ जनाउने 'कवृ' (कव) धातुमा 'इ+ता' प्रत्यय लागेर बनेको 'कविता' शब्द र सोही धातुमा य प्रत्यय लागेर बनेको 'काव्य' शब्द अङ्ग्रेजीको पोएट्री वा पोइम शब्दको नेपाली रूपान्तरण हो ( गौतम, २०६६ : १) । 'कवृ' धातुको अर्थ सर्वज्ञता वा वर्णनकलासँग सम्बन्धित हुन्छ । त्यसैले कविताको तात्पर्य पनि सर्वज्ञ एवम् वर्णन कलामा निपुण व्यक्तिद्वारा निर्मित सिर्जना भन्ने हुन्छ ।

काव्यको समानार्थीका रूपमा पूर्वीय  साहित्यमा कविता शब्दको प्रयोग गरिएको पाइन्छ । कवि शब्दमा ता प्रत्यय लगाएर कविता शब्दको निर्माण हुन्छ । कवि भनेको रचनाकार र ता भनेको रचना भन्ने बुझिन्छ । उल्लिखित तथ्यका आधारमा काव्य, कविता र कवि शब्द परस्पर सम्बद्ध रहेका छन् ।

पाश्चात्य साहित्यमा शास्त्रमा कवितालाई **पोइट्री** भनिन्छ । **पोइट्री**लाई **पोइम**पनि भनिन्छ । ल्याटिनमा **पोइमा** ग्रिकमा **पोइमा**फ्रेन्चमा**पोइमी** भनिने **पोइम**शब्दले पनि **पोइट्री**ले झैँ कविद्वारा सिर्जित पद्यात्मक रचना वा कविकर्मलाई सङ्केत गरेको छ । (लुइँटेल, २०६० : २) ।

पूर्वीय साहित्यको कवि र पाश्चिमी साहित्यको **पोइट** तथा पूर्वीय साहित्यको कविता काव्य र पश्चिमी साहित्यको **पोइट्री**वा**पोइम**शब्दहरू समानार्थीका रूपमा रहेका छन् । यी शब्दहरूले पूर्व र पश्चिम दुवैतिर दिने अर्थ प्रायः समान नै देखिन्छ ।

## २.२ कविताको परिभाषा

कविताको कुनै एक परिभाषा छैन । पूर्व र पश्चिममा कैयौँ विद्वान्हरूले आ-आफ्नै तरिकाले कविताको परिभाषा गरेका छन् । यस शोधपत्रमा केही प्रमुख परिभाषालाई यस प्रकार देखाइएको छ ।

### २.२.१ संस्कृत साहित्यमा कविताको परिभाषा

संस्कृत साहित्यकारहरूले प्राचीन कालदेखि काव्य सम्बन्धी अर्थमा काव्य शब्दको प्रयोग गरी काव्य लक्षण वा काव्य स्वरूप भनेर आ-आफ्ना धारणा अगाडि सारेका छन् । केही प्रमुख परिभाषाहरू यस प्रकार रहेका छन्-

१ भामह (इस्वीको छैटौँ शताब्दीतिर) शब्द र अर्थयुक्त रचना काव्य हो (अधिकारी २०५० : ६) । भामहको यस परिभाषले पहिलो पटक काव्यलाई परिभाषित गरेको छ । उनले शब्द र अर्थको सहभाव भएको रचनालाई काव्य मानेका छन् । शब्द र अर्थको सहभाव भएको रचनालाई काव्य मान्दा वाङ्मयका सबै विषय काव्यको परिधिमा पर्दछन् किनभने कुनै पनि विषयको ग्रन्थमा शब्द र अर्थको सहभाव हुन्छ । उनले शब्दालङ्कार र अर्थालङ्कारलाई उत्तिकै महत्व दिने आशयले ‘शब्दार्थौं सहितौ काव्यम्’ भनेका हुन् भनी बुझ्नु जरूरी छ ।

२ वामन (इस्वीको नवौँ शताब्दीतिर) गुण र अलङ्कारले परिष्कृत शब्द र अर्थ काव्य हो ( पौडेल २०५७ : २८) । वामनको यस परिभाषाले काव्यमा शब्द, अर्थ, गुण र अलङ्कारले युक्त हुनु पर्ने देखाएको छ । यिनले रीतिलाई काव्यको आत्मा माने पनि रीतिको आत्मा पनि गुणलाई मानेका छन् । त्यसैले यिनका मतमा सौन्दर्य उत्पन्न गर्न सक्ने शब्द र अर्थ नै काव्य हो ।

३ आनन्दवर्द्धन (इस्वीको नवौं शताब्दीतिर) काव्यको आत्मा ध्वनि हो । शब्दार्थ त्यसको शरीर हुन् । आनन्दवर्द्धनको यस परिभाषाले पूर्ववर्ती आचार्यहरूको परिभाषाको आशयलाई खण्डन गरेको छ । यिनले शब्द र अर्थलाई काव्यको बाह्य स्वरूप मात्रै मानेका छन् । ध्वनिवादी आचार्य भएकाले यिनले ध्वनिलाई काव्यको आत्मा मानेका छन् । यिनले काव्यलाई व्यञ्जनाका रूपमा पनि चिनाउन खोजेको देखिन्छ ।

४ जगन्नाथ (इस्वीको सत्रौं शताब्दी ) रमणीय अर्थ प्रतिपादन गर्ने शब्द काव्य हो । (पौडेल, २०५७ : ३२) जगन्नाथको यस परिभाषाको रमणीय शब्दको अर्थ आनन्द हो । कसैलाई सामान्य कुरा पाउँदा आनन्द अनुभव हुन्छ । कसैलाई विशिष्ट भौतिक कुरा पाउँदा आनन्द अनुभव हुन्छ । तर काव्यगत आनन्द ती आनन्दभन्दा धेरै माथिल्लो स्तरको हुन्छ । यो अनुभूति भएको स्थिति हो र यसमा रागद्वेषजन्य विकार हुँदैन । यो सधैं आनन्ददायक नै हुन्छ ।

माथि प्रस्तुत गरिएका परिभाषाहरूमध्ये प्रथमतः भामहले काव्यलाई परिभाषित गरेका छन् । उनले शब्द र अर्थको सहभाव भएको रचनालाई काव्य मानेकाले शब्दालङ्कार र अर्थालङ्कारमा जोड दिएका छन् । वामनले रीतिलाई काव्यको आत्मा माने पनि रीतिको आत्मा पनि गुण नै हो भनेका छन् । ध्वनिवादी आचार्य आनन्दवर्द्धनले शब्द र अर्थलाई काव्यको बाह्य स्वरूपमात्र मानेका छन् । यिनले ध्वनिलाई काव्यको आत्मा मानेका छन् । यिनले अनुभूतिको स्थितिमा पुगेर काव्यको परिभाषा गरेका छन् । जगन्नथको परिभाषमा आएको रमणीयार्थ शब्दले सम्पूर्ण कुरालाई समेटेको देखिन्छ ।

## २.२.२ पाश्चात्य साहित्यमा कविताको परिभाषा

पाश्चात्य साहित्यमा कवि समालोचहरूले प्राचीन कालदेखि कविताको परिभाषा गरेको पाइन्छ । तिनीहरूले प्रथमतः समग्र साहित्यका सन्दर्भबाट र त्यसपछि कवितामै केन्द्रित भएर कवितालाई परिभाषित गरेका छन् । यहाँ केही प्रमुख परिभाषाहरू प्रस्तुत गरिएको छ ।

१ प्लेटोका दृष्टिमा कविता वा साहित्य अनुकरणको पनि अनुकरण हो त्यसैले यो सत्य भन्दा तिन गुण टाढा छ (ज्ञवाली, २०६३ : ८) । प्लेटोका विचारमा साहित्य सत्यको अभिव्यक्ति, होइन बरू यो सत्यभन्दा दुईगुणा टाढा छ । प्रथमतः ब्रह्माण्डको रचना गर्ने विचार परमात्माले गरे । परमात्माको विचार प्रथम सत्य हो । यो देखिने ब्रह्माण्ड त्यसै मूल विचाररूपी प्रथम सत्यको अनुकरण हो । साहित्यकारले त्यस अनुकृत ब्रह्माण्डको पनि अनुकरण गरी साहित्यको रचना गर्छ । त्यसैले साहित्य अनुकरणको पनि अनुकरण हो र यस अर्थमा साहित्य सत्यभन्दा दुई गुण टाढा हुन्छ ।

२ एरिस्टोटलका विचारमा वस्तु वा प्रकृतिको सिर्जनात्मकता वा कलात्मक पुनःनिर्माण नै साहित्य वा कला हो (ज्ञवाली, २०६३ : १८) । एरिस्टोटलका विचारमा वस्तुता र चेतनाको मेलबाट प्रकृतिको कलात्मक अनुकरण हुन्छ । कवि कलाकारले वस्तुलाई चेतनाको स्पर्श दिई भव्यताका साथ नव सिर्जन गर्दा प्रकृति वा वस्तुलाई जति बढी र जति सूक्ष्मताका साथ आत्मसात् गर्न सक्छ जति बढी प्रकृतिका तन्तुहरूको उद्घाटन गर्न सक्छ र जति बढी जीवन जगत्लाई समाहित गर्न सक्छ त्यति नै मात्रामा कलाकृति उच्च र गरिमापूर्ण हुन्छ । हृदय र मस्तिष्कमा परेका बिम्बहरू कलाकृतिमा व्यक्त हुने हुँदा यो सत्यतथ्यमा आधारित हुन्छ ।

३ वर्डस्वर्थका अुनसार शान्त क्षण्मा सञ्चित अनुभवबाट उत्पन्न प्रबल मनोभावनाको स्वतःस्फूर्त प्रवाह कविता हो (लुइँटेल, २०६० : ९) वर्डस्वर्थ स्वच्छन्दतावादी कवि भएकाले उनले शान्त एकान्त ठाउँमा सिर्जित मनोभावनालाई कविता भनेका छन् । हृदय र भावनासँग सम्बद्ध भएर उनले कवितालाई स्वतः स्फूर्त रूपमा सिर्जना गरिने तथ्यलाई आफ्नो परिभाषामा दर्साएका छन् ।

४ इलियटका अनुसार कविता मनोवेगको स्वच्छन्द प्रवाह एवम् व्यक्तित्वको अभिव्यञ्जना नभएर मनोवेग तथा व्यक्तित्वबाट पलायन हो (लइँटेल, २०६० : १२) । इलियट परिष्कारवादी कविताका पक्षमा देखिन्छन् । कुनै रचना कविता हो कि होइन भन्ने कुरामा निर्णय त्यसलाई साहित्यिक कसौटीमा घोटेर गर्नु पर्छ । रचनाको महानतालाई उच्च मूल्यहरूको आधारमा छुट्ट्याउनु पर्छ यिनले पनि मनोवेग र व्यक्तित्वबाट उन्मुक्तिका नाममा प्रकारान्तरले स्वतः स्फूर्त वा उन्मुक्त अभिव्यक्तिमै जोड दिएका छन् ।

माथि दिएका परिभाषाहरूमध्ये प्लेटोले कला वा साहित्य सत्यभन्दा दुईगुण टाढा हुन्छ भने पनि साहित्यलाई सत् र असत् साहित्यमा वर्गीकरण गरी सत् साहित्यको पक्षमा आफूलाई उभ्याएका छन् । एरिष्टोटलले आफ्ना गुरु प्लेटोका मतको खण्डन गर्दै सिर्जनात्मक पुनर्निर्माणलाई महत्व दिएका छन् । उनले हृदय र मस्तिष्कमा परेमा बिम्बहरू कलाकृतिमा व्यक्त हुने हुँदा कला साहित्य सत्यतथ्यमा आधारित हुन्छ भनेका छन् । वर्डस्वर्थ स्वच्छन्दतावादी कविता भएकाले मनोभावनाको स्वतः स्फूर्त र उन्मुक्त अभिव्यक्ति मै जोड दिएका छन् ।

### २.२.३ नेपाली साहित्यमा कविताको परिभाषा

नेपाली साहित्यका प्रसिद्ध कवि, समालोचक र चिन्तकहरूले कविताको परिभाषा गरेका छन् । ती मध्ये प्रमुख परिभाषाहरू यस प्रकार रहेका छन्-

१ लक्ष्मीप्रसाद देवकोटाले कवितालाई यस प्रकार चिनाएका छन्, 'कविता कोमल बनिता रसयति रसिकं रसेन सम्मिलिता' (लुइँटेल, २०६० : १५) । यसमा देवकोटाले कवितालाई हार्दिक कोमलताका रूपमा चिनाएका छन् ।

२ केदारमान व्यथितका अनुसार 'तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो (लुइँटेल, २०६० : १४) । व्यथितले आफ्नो परिभाषामा कवितामा कल्पना, अनुभूति, विचार र भावुकताको अपेक्षा गरेका छन् ।

३ माधव घिमिरेका दृष्टिमा 'कविताको विविध विस्तृत रूप नै काव्य हो । यहाँ एक भावले अर्को भावलाई प्रेरित गर्दा र अनेकन भाव प्रवाहका रूपमा बग्न थाल्छन् । यहाँ निर्झरले खोलालाई बोलाउँछ, लघु काव्य बन्दछन् खोलाले नदीलाई बोलाउँछ ललित महाकाव्य बन्दछन् । नदीले सागरलाई बोलाउँछ बृहदाकार महाकाव्य बन्दछ (अवस्थी, २०६४ : ४३) । घिमिरेले निर्झरदेखि खोला हुँदै नदी र सागरसम्मको यात्रालाई काव्यमा समेटेका छन् । काव्यमा भावनाको प्रवाह हुनु पर्ने मान्यता प्रस्तुत गरेका छन् ।

४ वासुदेव त्रिपाठीका अनुसार मानव मनका अनुभूतिहरूको लयात्मक भाषिक कलात्मक कथन नै कविता हो (त्रिपाठी र अन्य २०४६ : ४) । त्रिपाठीले कवितामा हुनु पर्ने सम्पूर्ण पक्षलाई समेटेका छन् । उनले भाषाका माध्यमबाट मनका अनुभूतिहरूलाई लयात्मक र कलात्मकताका साथ प्रस्तुत गरिने सिर्जना नै कविता हो भनेका छन् ।


माथि दिइएका परिभाषामध्ये देवकोटाले हार्दिक कोमलतालाई कविता मानेका छन् भने केदारमान व्यथितले कवितामा कल्पना, अनुभूति, विचार र भावुकता हुनु पर्ने मान्यतालाई प्रस्तुत गरेका छन् । घिमिरेले प्रतीकात्मक रूपमा निर्झर, खोला र नदीदेखि सागरसम्मको यात्रालाई आफ्नो परिभाषामा समेटेका छन् । त्रिपाठीले मानव मनका अनुभूतिहरूलाई लयात्मक र कलात्मक रूपमा प्रस्तुत गर्नु पर्ने मान्यता राखेका छन् ।

समग्रमा उल्लिखित सम्पूर्ण परिभाषाको अध्ययनका आधारमा उत्तरवर्ती विद्वान्हरूले कविताको परिभाषा गर्दा कविताको सम्पूर्ण पक्षलाई समेटेको देखिन्छ । संस्कृत परिभाषामा धर्मशास्त्र र दर्शनको प्रभाव देखिन्छ भने पाश्चात्य परिभाषामा सौन्दर्यशास्त्र र मनोविज्ञानको प्रभाव रहेको छ । नेपाली परिभाषाले पूर्वीय र पाश्चात्य दृष्टिकोणमा आधारित समन्वयात्मक दृष्टिकोण प्रस्तुत गरेको छ ।

## २.३ कविताको वर्गीकरण

प्राचीन कालदेखि कवितालाई पूर्वीय र पाश्चात्य साहित्य शास्त्रीहरूले विभिन्न प्रकारले वर्गीकरण गरेको पाइन्छ । कविताको वर्गीकरण पूर्वमा जस्तो व्यापक र विस्तृत पश्चिममा पाइँदैन । समग्रमा पूर्वीय र पाश्चात्य साहित्यको कविताको वर्गीकरण निम्न प्रकारमा रहेको छ (लुइटेल, २०६० : ४०) कविताको वर्गीकरण पूर्व र पश्चिममा यस प्रकार गरिएको छ -

**पूर्वीय मान्यतामा कविताको वर्गीकरणको स्वरूप**




गद्य पद्य चम्पू

मुक्तक प्रबन्ध

खण्डकाव्य महाकाव्य कोशकाव्य

**पाश्चात्य मान्यतामा कविता वर्गीकरणको स्वरूप**




संसारमा लेखिने कवितामा कतिपय सामान्य पक्षमा भिन्नता भए पनि यसको धेरैजसो संरचनम मूलतः समानता नै पाइन्छ । विश्वसाहित्यका कवितामा भेटिने संरचना नेपाली साहित्यमा पनि पाइन्छ ।

कविताको उपर्युक्त वर्गीकरण परम्परित हो । आधुनिक ढङ्गमा कविताका प्रकारलाई निम्नलिखित तिन भागमा विभाजन गरिएको छ (गौतम, २०६६ : ३) -:

१ प्रगीतात्मक कविता

२ आख्यानात्मक कविता

३ नाटकीय कविता

## २.३.१ प्रगीतात्मक कविता

अङ्ग्रेजीमा रहेको**लिरिक**को नेपाली रूपान्तरण प्रगीत हो । प्रगीत भनेको वैयक्तिक अनुभूतिलाई अभिव्यक्त गरिएको कविता हो । सामान्यतथा एक व्यक्तिका विचार र अनुभूतिहरू प्रस्तुत भएका छोटा कवितालाई प्रगीतात्मक कविता भनिन्छ । प्रगीतात्मक कविताभित्र आख्यानात्मक र नाटकीय कविता बाहेकका अन्य थुप्रै कविताहरू (चतुर्दशपदी, शोकगीत, सम्बोधन गीत, भजन, हाइकू, गीत, गजल, मुक्तक आदि) पर्दछन् । प्रगीतात्मक कविता लेखनको विस्तार स्वच्छन्दतावादी कविता लेखनको प्रारम्भसँगै भएको हो । प्रगीतात्मक कविता हरेक भाषामा पाइने अति प्राचीन र अति लोक प्रिय साहित्यिक अभिव्यक्ति हो । यसमा स्वच्छन्दता, वैयक्तिकता, वैचारिकता, लयात्मकता, विषयगत विविधता जस्ता प्रवृत्तिहरू समावेश भएका हुन्छ ।

वर्णनात्मकता र भावनात्मकतालाई सशक्त प्रस्तुत गर्दै न्यून वा हीन प्रयोग गरिएको वृत्तात्मक अभिव्यक्ति प्रगीतात्मक कविता हो ।

### २.३.२ आख्यानात्मक कविता

अङ्ग्रेजीमा रहेको **न्यारेटिभ** को नेपाली रूपान्तरण आख्यान हो । लिखित मौखिक साहित्यिक लोकआख्यानात्मक, परम्परित, आधुनिक बृहद्, लघु, पद्यात्मक, गद्यात्मक, आदि अनेक प्रकारका आख्यानहरू हुन्छन् । गद्य वा पद्य जेमा लेखिए तापनि आख्यानमा समाख्याताको उपस्थिति अनिवार्य हुन्छ । आख्यान त्रिआयामिक  हुन्छ । यसमा वाचकले वक्तालाई सम्बोधितले, स्रोतालाई र कथाले रचनालाई बुझाएको हुन्छ । यस्ता कवितामा प्रायः विगतका घटनाहरूको वर्णन गरिएको हुन्छ । तृतीय पुरूषको प्रधानता यस्ता खाले कवितामा हुन्छ ।

आख्यानात्मक कविताहरू संसारका हरेक साहित्यमा पाइन्छन् । विस्तारित वर्णन, व्यापक समाख्यानका कारण यिनको आकार लामो र ठुलो हुन्छ । यस्ता कवितामा पश्चिमी जगत्का महाकाव्य, रोमान्स, लामा गाथा, आख्यानयुक्त लामा कविता तथा पूर्वीय जगत्का महाकाव्य, खण्डकाव्य, र आख्यानयुक्त लामा कविता पर्दछन् ।

आख्यानात्मक कविता भनेको सहभागीको अनिवार्य उपस्थिति गराई समाख्याताको प्रयोगद्वारा विस्तृत रूपमा कथात्मक विस्तार गरिएको कविता हो ।

### २.३.३ नाटकीय कविता

नाटकीय कविता प्रगीतात्मक र आख्यानात्मक भन्दा भिन्न प्रकारको हुन्छ । जीवनमा घटित घटना वा कार्यव्यापारलाई पात्रद्वारा अभिनयका साथ रङ्गमञ्चमा प्रस्तुत गरिने साहित्यको दृश्य प्रकारलाई नाटक भनिन्छ । नाट्यात्मक कवितामा संवाद र अभिनयको प्रयोग ज्यादा हुन्छ । यस्ता खाले कवितामा छन्दको बाक्लो प्रयोग एकालाप वा वार्तालाप ढङ्गमा संवाद योजना तथा दृश्यात्मक विधिको प्राधान्य रहन्छ । यस्ता कवितामा झिनो कथानक र पात्रको प्रयोग अनिवार्य हुन्छ ।

नाटकीय कवितामा दृश्यात्मक विधिको प्रयोग गरी सूक्ष्म कथावस्तु सहित सहभागीलाई अनिवार्य रूपमा उपस्थित गराएर सशक्त छन्दको प्रयोग गरिन्छ ।

## २.४ कविताका तत्वहरू

कविता निर्माण गर्ने विभिन्न अवयवहरूलाई नै कविताका तत्व भनिन्छ । कवितामा विभिन्न घटकहरूको मेलबाट कृतिको सिङ्गो संरचना निर्माण भएको हुन्छ । कविता साना घटकहरू मिलेर बनेको एउटा बृहद् घटक भएकाले यो ठुलो संरचनालाई स्पष्ट पार्न साना घटकहरूको अध्ययन विश्लेषणबाट मात्र सम्भव हुन्छ र ती साना घटकहरू नै कविताका तत्व हुन् (लुइँटेल, २०६० : ७६) ।

कविताका संरचक घटकहरूका बारेमा पूर्व र पश्चिममा विभिन्न मत मतान्तरहरू पाइन्छन् । पूर्वीय साहित्यमा रस, अलङ्कार, ध्वनि, बक्रोक्ति आदिलाई काव्यका तत्व मानिएको पाइन्छ । रस र ध्वनिलाई काव्यका आन्तरिक र अलङ्कार, रीति, बक्रोक्ति आदिलाई काव्यका बाह्य तत्व मानेको देखिन्छ । पश्चिमी काव्य जगत्मा विषयवस्तु, भाषा, शैली, छन्द, लय, बिम्ब, प्रतीक, आदिलाई कविताका तत्वका रूपमा लिइएको छ । पूर्व र पश्चिम दुवैतर्फका अध्ययनका आधारमा नेपालीका कविताका तत्वहरूको

निर्धारण गरिएको भए पनि वर्गीकरणमा भने समान्य मतभिन्नता रहेको देखिन्छ । यस शोधपत्रमा केही मत मतान्तरलाई यसप्रकार देखाउन सकिन्छ ।

लक्ष्मण गौतमले **समकालीन नेपाली कविताका प्रवृत्ति विश्लेषणको प्रारूप** शीर्षक अन्तर्गत वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीय विन्यास गरी कविताका छ वटा घटकको चर्चा गरेका छन् (गौतम, २०६६ : २४६) ।

खगेन्द्र लुइँटेलले **कविता सिद्धान्त र नेपाली कविताको इतिहासमा** कविताका संरचक घटकहरू भन्ने शीर्षकमा कविताका आवश्यक तत्वहरूमा वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यासको उल्लेख गरेका छन् (लुइँटेल, २०६० : ७६) ।

**नेपाली कविता भाग** ४ मा शीर्षक, संरचना, लय विधान, भाषाशैली, कथानपद्धति, केन्द्रीय कथ्य, सन्दर्भ, भाव विधान, विम्ब विधान, अलङ्कार प्रविधि, व्यञ्जना र विधागत स्वरूप तथा आयमलाई कविताका तत्वका रूपमा ग्रहण गरेका छन् ( त्रिपाठी र अन्य, २०६५ :१७)।

यहाँ चर्चा गरिएका विभिन्न मतहरूमध्ये लक्ष्मण गौतम र खगेन्द्र लुइँटेलले उल्लेख गरेका कविता विश्लेषणका घटकहरूमा समानता नै रहेको छ । **नेपाली कविता भाग** ४ मा उल्लिखित तत्वहरूले कविताका सम्पूर्ण पक्षलाई समेटेकाले मूल रूपमा तिनैलाई कविताका प्रमुख तत्व वा आधार बनाएर **आकाश बोल्छ** कविता सङ्ग्रहको विश्लेषण गरिएको छ । ती तत्वहरू यस प्रकार रहेका छन्-

### २.४.१ शीर्षक

शीर्षक साहित्यिक विधाका कृतिहरूको आङ्गिक तत्व हो । सम्पूर्ण विधाका कृतिको नामकरण अनिवार्य हुन्छ । यही नामकरण नै सम्बन्धित कृतिको शीर्षक हो । पात्रको नामका आधारमा, विषयवस्तुका आधारमा, भावका आधारमा र पात्र तथा विषयवस्तुको मिश्रणबाट पनि शीर्षक राखिन्छ । कृतिको केन्द्रीय कथ्यलाई शीर्षकले समेट्नु पर्दछ । शीर्षक र विषयवस्तु बिच आपसमा सहसम्बन्ध भएमा कृति

सफल मानिन्छ । नाम र कृति बिच आधिकारिक सम्बन्धद्वारा कृतिको मुख्य पक्ष निर्देशित भएमा शीर्षक सार्थक बन्न पुग्दछ ।

## २.४.२ संरचना

संरचना भनेको बनोट हो । यो आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ । कविताको आन्तरिक संरचना मुख्यतः केन्द्रीय कथ्य, भाव विचारको उठान, विकास वा अन्तिम रागात्मक परिणितिसँग सम्बन्धित हुन्छ । कविता कृतिमा यस आन्तरिक संरचनामा भाषाशैलीले भाव वा विचारका साथै अन्तर्लयात्मकता तथा रूपतत्वलाई समेत गतिमय तुल्याइ दिन्छ (त्रिपाठी र अन्य, २०४६ : १८) । कविताको बाह्य संरचनामा त्यसका लयात्मक खण्ड, गण र विश्राम हुँदै पाउ चरण वा पङ्क्तिपुञ्जसँग सम्बन्धित हुन्छ । कवितामा बाह्य संरचनाको रूपमा भाषाशैलीलाई पनि मानिन्छ । बाह्य संरचना कविताको विधा उपविधागत आयामसँग सम्बन्धित हुन्छ ।

## २.४.३ लय विधान

लय भनेको अरू विधाबाट कवितालाई फरक पार्ने तत्व हो । कवितामा प्रयोग गरिने सौन्दर्यपूर्ण भाषाका वर्ण, पङ्क्ति, र अनुच्छेदगत बनोटबाट लय उत्पन्न हुन्छ । कवितामा वर्णसमूहको प्रयोगका स्तरदेखि नै लयको न्यूनतम एकाइ थालिन्छ भने यसपछिका शब्द, पद, पदावली आदिका बिचबिचमा उपविराम र विराम हुँदै वाक्य पङ्क्ति वा पाउका स्तरमा पुगी यसले एक साङ्गीतिक लहरका रूपमा श्रुति माधुर्यको सृजना गर्दछ ( अवस्थी, २०६४ : ४९) । नेपाली कवितमा प्रयुक्त लयढाँचा मुख्यतः दुई प्रकारको देखिन्छ बद्ध र मुक्त । बद्धलय निश्चित वर्णमात्रा, मात्रा वा वर्णको नियमित वितरणमा आधारित हुन्छ । वर्ण मात्रिक, मात्रिक, वार्णिक लोकलय गरी यसका तिन प्रकार रहेका छन् । बद्ध लय

अनुच्छेदका प्रत्येक वाक्य वा पङ्क्तिमा वर्ण मात्रा, मात्रा वा वर्णका उन्मुक्त वितरणमा आधारित हुन्छ । यसलाई गद्य कवितात्मक लय पनि भनिन्छ । उच्चार्य वा श्राव्य अक्षर सङ्ख्याका दृष्टिले गद्य कविताका विभिन्न पङ्क्तिहरूलाई निकै छोटा, छोटा लामा र निकै लामा आदिका रूपमा वर्गीकरण गर्ने चलन पनि पाइन्छ (अवस्थी,  २०६४ : ४९) ।

## २.४.४ भाषाशैली

साहित्य भाषिक कला हो र यसलाई भाषिक माध्यम अँगाल्ने वस्तुका रूपमा पनि लिइन्छ । साहित्यका सम्पूर्ण विधामा सौन्दर्यपूर्ण भाषालाई साहित्यिक भाषाशैली भनिन्छ । कविताका सन्दर्भमा भाषाको सौन्दर्य लय विधान, श्रुति मधुरता, विषयवस्तु र भाव आदिसँग जोडिएको हुन्छ । मानक र आधारभूत भाषिक व्यकरणढाको प्रतिपादन गरेर पनि पद, पदावलीगत वाक्यगत, र अनुच्छेदगत अनेकौं व्यतिक्रम र विचलन समेतबाट भाषाशैलीले बढी व्यञ्जकता लालिल्य र लयात्मकता कविताले प्राप्त गर्दछ ( त्रिपाठी र अन्य, २०६५ : १९) ।

## २.४.५ कथन पद्धति

कुनै पनि साहित्यिक कृतिका सन्दर्भमा कथनपद्धति भन्नाले सो कृतिको मुख्य कथ्यको प्रस्तुतिका निम्ति सुरूदेखि मध्य हुँदै अन्त्यसम्म बनाइएको योजना हो । कवि आफैं सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कविप्रोढोक्ति हो । यदि कवितामा कविले आफ्ना आत्मलापी कथ्य कुरालाई आख्यानीकृत गर्दछ भने सो आख्यानीकृत कथन पद्धति   हो । आख्यानीकरणकै क्रममा दृश्यको चित्रण, संवाद, मनोवाद आदिबाट नाटकीकृत कथन पद्धतिको प्रयोग पनि कवितामा गरिएको पाइन्छ । कवितात्मक कथनपद्धतिमा यी तिन वटैको मिश्रण पाइन्छ ।

### २.४.६ केन्द्रीय भाव

विषयवस्तुगत भावविधान पनि कविताको महत्वपूर्ण तत्व हो । कवितामा जीवन जगत्सम्बन्धी विषयवस्तु, प्रकृति, मानव समाज, धर्म संस्कृति राजनीति, अर्थनीति जस्ता अनेक पक्षमध्ये एक पक्षमा विषयवस्तुको छनोट गरिएको हुन्छ । कवितामा सिधै आत्मलाप कविताकथनात्मक आख्यानीकृत वा नाटकीकृत जन रूपमा जीवन जगत्को कथान गरे पनि मूल चुरा तथा केन्द्रीय कथ्य भाव वा विचार नै हो । मानवीय अनुभवको क्षण विशेष एक स्वास मनोदशा जीवनकै एक भाग जीवनको समग्रता र जीवनसन्दर्भको विराट्तालाई क्रमशः अँगाल्दै कवितको पूर्वोक्त पाँच उपविधा (मुक्तक, फुटकर कविता, खण्डकाव्य, महाकाव्य र आर्ष काव्य वा विकासशील महाकाव्य) हरू कथ्य, विषयवस्तु र भाव विधानका आयामका दृष्टिले मुक्तकदेखि आर्ष महाकाव्यसम्म उत्तरोत्तर विस्तारित हुँदै जान्छन् (त्रिपाठी र अन्य, २०६५ : २०) ।

### २.४.७ बिम्ब विधान

भाव विचारकै सहचर छायाँ जस्तो भई आउने अर्को अर्थ बिम्ब हो (अवस्थी, २०६४ : ५१) । कवितामा जीवन जगत्का विभिन्न क्षेत्रबाट उपयुक्त सामग्रीको चयन गरी बिम्बको तर्जुमा गरिन्छ । कवितामा दुईथरी बिम्बको प्रयोग पाइन्छ । (क) कृतिव्यापी बिम्ब र (ख) स्थानीय बिम्ब ।

### २.४.८ प्रतीक

अमूर्त कुरालाई जनाउने मूर्त वस्तुलाई प्रतीक भनिन्छ । शब्द र अर्थका माध्यमबाट कवितामा प्रतीकको प्रयोग गरिएको हुन्छ । प्रतीकहरू परम्परा, चालचलन, सभ्यता, संस्कृति आदिद्वार निर्धारित हुन्छन् ।

### २.४.९ अलङ्कार

अलङ्कार भन्नाले गहना वा आभूषण आदिलाई बुझिन्छ । मानव शरीरलाई गहनाले सुन्दर बनाए जस्तै कवितामा पनि अलङ्कारले सौन्दर्य बढाउँछ । काव्यको शोभा गराउने धर्मलाई अलङ्कार भनिन्छ । बक्रोक्ति, अतिशयोक्ति जस्ता अलङ्कारबाट सिर्जत बिम्बालङ्कारहरू विशेष चमत्कारी मानिन्छन् ।

### २.४.१० व्यञ्जना

कवितामा प्रस्तुत अर्थभन्दा अप्रस्तुत अर्थ सशक्तताका साथ झल्कन्छ भने त्यो व्यञ्जना हो । कविता कृतिमा यो व्यञ्जना स्थानीय स्तरमा वा पूरै कृतिभर व्याप्त पनि हुन सक्दछ (त्रिपाठी र अन्य २०६५ : २१) । कविताको आन्तरिक संरचनामा एकभन्दा बढी अर्थ पाठक वा श्रोताले अनुभव गर्दछ र व्यञ्जनाले कृतिको कलात्मक प्रभावलाई माथि उठाएको अनुभव गर्न सकिन्छ ।

## २.५. कविताको विधागत रूप वा आयाम

प्रत्येक वस्तुका चौडाइ, गहिराइ र लम्बाइ गरी तिन आयामा हुने गर्दछन् । लयबद्ध पाउ वा पङ्क्ति विस्तारको आयाम कविताको चौडाइ हो भने भावात्मक अति कलात्मक व्यञ्जनाको गहिराईको आयाम कविताको उचाइ हो । कविताका समष्टि हरफ पृष्ठ आदिको पठन  र श्रवणसँग सम्बन्धित कथनकालको लमाइ कवितात्मक लमाइको आयाम हो । लमाइसँग सम्बन्धित प्रकारलाई कविताका उपविधा भनिन्छ । लघुतम कविता, लघु कविता, मध्यम कविता, बृहद् कविता र बृहत्तर कविता गरी पाँच प्रकारमा कविताका उपविधाको वर्गीकरण गरेको पाइन्छ । दुई देखि चार पाउसम्म पूर्ण हुने लघुत्तम कविता हो । यस अन्तर्गत गीत, गजल, स्तोत्र, आदि पर्दछन् । खास गरी चतुष्पदी दुई श्लोकदेखि उन्नाइस श्लोक वा सो सरहको पङ्क्तिपुञ्जमा आधारित कविता लघु कविता हो । एक हजारभन्दा बढी र चार हजार नौसय उनान्सयसम्मको चतुष्पदी श्लोक सङ्ख्यागत लमाइ भएका

कविता बृहत् कविता वा महाकाव्य हुन भने पाँच हजारभन्दा बढी श्लोक सङ्ख्या भएका कविता बृहत्तम कविता वा आर्ष महाकाव्य तथा विकसनशील महाकाव्य हुन् । कविताका लघुतम र लघु अनि बृहत् र बृहत्तम रूपका बिचमा पर्ने भेद मध्यम कविता हो । खास गरी लघु कविताका भन्दा बढी र बृहत् कविताका भन्दा कम सयदेखि नौसय उनान्सयसम्मको श्लोक सङ्ख्यागत लमाइ हुने कविताको रूप नै मध्यम कविता हो (अवस्थी, २०६४ : ४) ।

## २.६ नेपाली कविताको विकासक्रम

नेपाली कविताको विकासमा नेपाली जनजीवनमा प्रचलित लोकगीत, भजन र विभिन्न लोकसङ्गीतहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । नेपाली साहित्यमा वि.सं. १८२६ तिरको सुवानन्द दासको 'पृथ्वीनारायण शाह' कवितालाई नेपाली भाषामा लेखिएको पहिलो कविता मानिन्छ । यही कविता लेखनको समय वि.सं. १८२६ देखि आजसम्मको नेपाली कविता लेखनको समयावधिलाई निम्नलिखित तीन चरणमा विभाजन गर्न सकिन्छ ।

क) प्राथमिक काल (वि.सं. १८२६-१९४०)

ख) माध्यमिक काल (वि.सं. १९४१-१९७४)

ग) आधुनिक काल (वि.सं. १९७५ हालसम्म)

### २.६.१ प्राथमिक काल (वि.सं. १८२६-१९४०)

नेपाली साहित्यको कविता क्षेत्रमा वि.सं. १८२६ देखि वि.सं. १९४० सम्मको समयावधिलाई प्राथमिक काल अन्तर्गत लिइन्छ । यस कालका कविताहरूलाई दुई धारामा विभाजन गर्न सकिन्छ ।

### २.६.१.१ वीरधारा

वि.सं. १८२६ देखि वि.सं. १८७२ मा सुगौली सन्धि हुनुपूर्वका कविताहरू प्रायः वीरधारामा लेखिएका हुन्थे। यस समयका कविताहरू नेपाल राष्ट्रको एकीकरणको महान अभियानका सन्दर्भमा राष्ट्रिय स्वाधीनताका निम्ति आफूलाई समर्पण गर्नेहरूका निम्ति प्रेरणाका स्रोत सामग्री बन्दथे। यसरी यस कालका कविताहरूमा नेपालीहरूको साहस र तत्कालीन सैनिक शक्तिको सुदृढीकरणको भावना अभिव्यक्त गरिएका हुन्थे। समग्रमा भन्ने हो भने यस कालका कविताहरूमा वीरहरूको वन्दना, युद्ध वर्णन, राष्ट्रप्रतिको आस्था तथा राष्ट्रिय एकताको उच्च भावना प्रकट भएको पाइन्छ। यस कालका प्रमुख कविहरूमा सुवानन्ददास, शक्तिबल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, राधाबल्लभ अर्ज्याल, यदुनाथ पोखरेल, यदुनाथ पोखरेल, गुमानी पन्त आदि रहेका छन्।

### २.६.१.२ भक्तिधारा

वि.सं. १८७२ मा अङ्ग्रेजहरूसँग सुगौली सन्धि भएपछि नेपालको राज्यविस्तारको अभियान एक किसिमले टुङ्गियो। सधैं सधैंको यद्धबाट नेपालीहरूले मुक्ति पाए। युद्धले छाडेका पीडाहरूबाट त्राण पाउन उनीहरू ईश्वरको शरणमा पुगी भजन कीर्तनमा आफूलाई तल्लीन गराउन लागे। त्यसको प्रभाव नेपाली कविहरूमा पनि पऱ्यो। उनीहरू भक्ति भावनाले भरिएको कविता रचना गर्न अग्रसर भए। यो क्रम वि.सं. १८७२ देखि १९४० सम्मका नेपाली कवितामा मूल धाराका रूपमा रह्यो। यस धाराका कविताहरूलाई मूल भक्तिका आधारमा तीन वर्गमा बाँड्न सकिन्छ।

क) कृष्णभक्ति धारा

ख) रामभक्ति धारा

ग) निर्गुणभक्ति धारा

**क) कृष्णभक्ति धारा**

कृष्णभक्ति धारा नेपाली कविताका क्षेत्रमा सुगौली सन्धिपश्चात् भक्तिधारामा सबभन्दा पहिला देखा परेको प्रवृत्ति हो। यस धाराको कविहरूले आफ्ना आराध्यदेवश्रीकृष्णलाई कविताको मुख्य विषय बनाइएको देखिन्छ। कृष्णभक्ति धाराका प्रमुख कविहरूमा वसन्त शर्मा लुइँटेल, इन्दिरस, विद्यारण्यकेशरी

अर्ज्याल, वीरशाली पन्त, हीनव्याकरणी विद्यापति आदि रहेका छन् ।

### ख) रामभक्ति धारा

नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्धतिर रामलाई केन्द्रविन्दु मानेर भक्तिभावपूर्ण कविताहरू लेख्न थालिएको देखिन्छ । यस धाराका कविहरूले संस्कृत महाकाव्य रामायणका नायक रामचन्द्रको चरित्रलाई तत्कालीन सामाजिक परिवेशको रङ्गसमेत चढाई कविता लेखेको पाइन्छ । यस धाराका प्रमुख कविाहरूमा रघुनाथ पोखरेल, भानुभक्त आचार्य, पतन्जली गजुरेल आदि रहेका छन् ।

### ग) निर्गुणभक्ति धारा

ईश्वरका विभिन्न अवतार र ती अवतारका विभिन्न मूर्तिपूजामा विश्वास गर्नु सगुण भक्ति हो भने ईश्वरको निराकार ब्रम्हप्रति गहिरो सम्मान प्रकट गर्नु निर्गुण भक्ति हो । (पौड्याल, २०६८: २६) । ईश्वरको निर्गुण स्वरूपको बखान गरी लेखिएका कविताहरू निर्गुण भक्तिधाराका कविताहरू हुन् । यस प्रकारका कविताहरूमा धर्मका नाममा गरिने रुढिवादी, मूल्य मान्यताहरूप्रति तीव्र व्यङ्ग्य गरिएको पाइन्छ । धर्म र पूजा (कर्मकाण्ड) का नाममा भित्रिएका जातिपाती, छुवाछुत आदि जस्ता सामाजिक भेदभावलाई उन्मूलन गरेर समाज सुधार गर्ने आग्रह निर्गुण भक्तिधाराका कविताहरूमा अभिव्यक्त भएको पाइन्छ । यस धाराका प्रमुख कविहरूमा शशिधर, अगम दिलदास, ज्ञान दिलदास प्रमुख रहेको पाइन्छ ।

## २.६.२ माध्यमिक काल (वि.सं. १९४१-१९७४)

यस कालदेखि नेपाली साहित्यले लेखोट युगबाट प्रकाशन युगमा प्रवेश गऱ्यो । नेपाली भाषा लेखोट युगबाट छापाखाना युगमा प्रवेश सँगसँगै मोतीराम भट्टले नेपाली कवितामा माध्यमिक कालको प्रवर्तन गरेका हुन् । वि.सं. १९४१ देखि वि.सं. १९७४ मा सूक्तिसिन्धु प्रकाशनसम्मको नेपाली कविता यात्रालाई नेपाली माध्यमिक काल मानिन्छ । यस कालका नेपाली कविता मूल रूपमा शृङ्गार प्रधान भए तापनि

वीर र भक्ति भावका कविताहरू पनि छिटफुट रूपमा लेखिएका पाइन्छन् । माध्यमिक कालीन नेपाली कवितालाई पूर्वमाध्यमिक र उत्तरमाध्यमिक गरी दुई भागमा विभाजन गरिएको पाइन्छ ।

क) पूर्वमाध्यमिक काल (वि.सं. १९४१–१९६१)

ख) उत्तरमाध्यमिक काल (वि.सं. १९६२-१९७४)

### २.६.२.१ पूर्वमाध्यमिक काल (वि.सं. १९४१ -१९६१)

मोतीराम भट्ट माध्यमिककालीन नेपाली कविताका प्रवर्तक हुन् । उनको सक्रियतामा मोतीमण्डली पनि निर्माण भएको पाइन्छ । मोतीराम भट्ट र मोतीमण्डलीका अरू सदस्यहरूले समेत पूर्वमाध्यमिक कालमा शृङ्गारिक प्रवृत्तिका कविताहरू रचना गरेको पाइन्छ । यस कालका कविताहरूमा पाइने शृङ्गारचेत शिष्टताको परिधिभित्र नै रहेको पाइन्छ । यस कालका प्रमुखकविहरू मोतीराम भट्ट, राजीवलोचन जोशी, लक्ष्मीदत्त पन्त आदि रहेका छन् ।

### २.६.२.२ उत्तर माध्यमिक काल (वि.सं. १९६२ - १९७४)

काठमाडौंमा संस्कृत अध्ययन गरिरहेका युवा कविहरूले शृङ्गारिक कविताको सङ्कलनका रूपमा वि.सं. १९६२ मा कविताकल्पद्रुम (सामूहिक कवितासङ्ग्रह) प्रकाशित गरे । यसै कवितासङ्ग्रहबाट नेपाली कविताको उत्तरमाध्यमिक काल सुरु भएको हो । नेपाली कविताको उत्तरमाध्यमिक काल वि.सं. १९७४ मा प्रकाशित 'सूक्तिसिन्धु'मा उत्कर्षमा पुगेको देखिन्छ । यहीँबाट यस युगको समाप्ति पनि भएको मानिन्छ । सुन्दरीहरूको नखशिख वर्णनमा केन्द्रित भई कविता रच्ने प्रवृत्तिका कारण यस कालका कविहरूलाई अश्लीलताको दोष पनि लगाइन्छ । शम्भुप्रसाद ढुङ्गेल यस कालका केन्द्रीय प्रतिभा हुन् । यस कालकाकविहरू शम्भुप्रसाद ढुङ्गेल, रामप्रसाद सत्याल, कृष्णप्रसाद रेग्मी आदि प्रमुख रहेको पाइन्छ ।

## २.६.३ आधुनिक काल (वि.सं. १९७५ - हालसम्म)

नेपाली कविताका क्षेत्रमा आधुनिकताको प्रवेश वि.सं. १९७५ मा प्रकाशित 'ऋतुविचार'बाट भएको हो । वि.सं. १९७५ देखि आजसम्मको अवधिमा लेखिएका नेपाली कविताहरू नेपाली कविताको आधुनिक काल अन्तर्गत् पर्दछन् । यस कालका कविताहरूलाई निम्नलिखित मोडहरूमा विभाजन गरेर हेर्न सकिन्छ :

अ) पहिलो मोड (वि.सं. १९७५ - १९९०)

आ) दोस्रो मोड (वि.सं. १९९१ - २०१६)

इ) तेस्रो मोड (वि.सं. २०१७ - २०२९)

ई) चौथो मोड (वि.सं. २०३० - हालसम्म)

### २.६.३.१ पहिलो मोड (वि.सं. १९७५ - १९९०)

नेपाली कवितामा आधुनिकता भित्र्याउने कवि लेखनाथ पौड्याल (वि.सं. १९४१ - २०२२) द्वारा रचित ऋतुविचार (१९७५) देखि वि.सं. १९९० को अवधि आधुनिक नेपाली कविताको पहिलो मोड हो । यस समयमा शास्त्रीयतावादी प्रवृत्तिमा आधारित कविताहरू लेखिएकाले यसलाई शास्त्रीयतावादी धारा पनि भनिन्छ । त्यसैगरी भाषा, व्याकरण र शैलीगत परिष्कार गरी कविता लेख्ने प्रवृत्ति विकसित भएकाले यस धारालाई परिष्कारवादी धारा पनि भनिन्छ । यस धाराका प्रमुख कविताहरू लेखनाथ पौड्याल, धरणीधर कोइराला, बालकृष्ण शम, सोमनाथ सिग्देल रहेका छन् ।

### २.६.३.२. दोस्रो मोड (वि.सं. १९९१ - २०१६)

वि.सं. १९९१ मा 'गोरखापत्र' र 'शारदा' पत्रिकामा प्रकाशित भएका लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठका कविताबाट आधुनिक नेपाली कविताको दोस्रो मोड सुरु भएको हो । वि.सं. १९९१ मार्ग १५ गतेको 'गोरखापत्र'मा देवकोटाको 'पूर्णिमाको जलधि' शीर्षक कविता देवकोटाको पहिलो प्रकाशित कविता हो । १९९१ कै फागुनको शारदा १:१ मा उनको 'गरिब' कविता छापिएको थियो ।वि.सं. १९९० सालको 'गोरखापत्र'मा सिद्धिचरणको 'भुइँचालो शीर्षक कविता छापिएको छ । वि.सं. १९९१ फागुनको

शारदा १:१ मा श्रेष्ठको जुनेली रातमा निर्झर छापिएको छ। वि.सं. २०१६ सालसम्म कायम रहेको देखिन्छ। यस मोडमा स्वच्छन्दतावादी प्रगतिवादी प्रवृत्ति नेपाली कविताको मूल धाराका रूपमा कलकलाएको पाइन्छ। यस धाराका प्रमुख कविहरू लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, केदारमान व्यथित, भूपि शेरचनरहेका छन् ।

### २.६.३.३ तेस्रो मोड (वि.सं. २०१७ - २०२९)

मोहन कोइरालाद्वारा रचित 'घाइते युग' कविता वि.सं. २०१७ मा प्रकाशित भएपछि आधुनिक नेपाली कविताको तेस्रो मोड प्रारम्भ हुन्छ। वि.सं. २०१७ सालदेखि वि.सं. २०२९ सम्मको समयावधिलाई आधुनिक नेपाली कविताको तेस्रो मोड मानिन्छ। यस समयमा आधुनिक नेपाली कवितामा प्रयोगवादी प्रवृत्ति मूल धाराका रूपमा रहेको देखिन्छ। पश्चिमी जगत्का चित्रकला र अमूर्त साहित्यिक लेखनबाट प्रभावित भई यस धाराको विकास भएको देखिन्छ। प्रयोगवादी धाराका कविहरूमोहन कोइराला,बैरागी काँइला, ईश्वर बल्लभ हुन्। यी बाहेक द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, पारिजात आदि कविहरू पनि प्रमुख छन् (पौड्याल, २०६८: ४६)।

### २.६.३.४ चौथो मोड (वि.सं. २०३० - हालसम्म)

आधुनिक नेपाली कविता यात्रामा वि.सं. २०३० देखि हालसम्मको समयावधिलाई चौथो मोडका रूपमा लिइन्छ। यस चरणलाई नेपाली कविताको समसामयिक धारा भनिन्छ। आफ्नो मनभित्रका विचार र अनुभूतिहरूलाई सहज र स्वभाविक ढङ्गबाट अभिव्यक्त गर्ने मान्यता यस धाराका कविहरूको रहेको देखिन्छ। यस धाराका कविहरू वर्तमान राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिलाई आफ्ना कविताका मूल विषय बनाउँछन्। यस धाराका प्रमुख कविहरू दिनेश अधिकारी, कृष्णभूषण बल, मीनबहादुर बिष्ट, शिव अधिकारी, सरुभक्त, विमल कोइराला, फणीन्द्र नेपाल, ज्ञानुवाकर पौडेल, सीता पाण्डे, विरह अधिकारी रहेका छन्।

## २.७ निष्कर्ष

कला र विचारको तालमेल भएको रचना कविता हो । पूर्व र पश्चिममा कविताका बारेमा आआफ्नै परिभाषा प्रस्तुत गरिएका छन् । समग्रमा भन्दा भाव विचार र घटनाको लयात्मक भाषिक अभिव्यक्ति कविता हो । कवितालाई विभिन्न प्रकारले वर्गीकरण गर्न सकिन्छ । मूल रूपमा कवितालाई प्रगीतात्मक, आख्यानात्मक र नाटकीय गरी तिन प्रकारमा विभाजन गर्न सकिन्छ । कविताका आवश्यक सामग्रीलाई कविताका संरचक घटक भनिन्छ । कविताका लागि चाहिने आवश्यक तत्वमा शीर्षक, संरचना, लय, कथन पद्धति, बिम्ब, प्रतीक, अलङ्कार भाव विधान र व्यञ्जना आदिलाई लिन सकिन्छ । यसै गरी नेपाली कविताको विकासक्रमलाई हेर्दा मुख्यतः प्राथमिक काल, माध्यमिक काल, र आधुनिक काल गरी वर्गीकरण गर्न सकिन्छ । प्राथमिक कालभित्र पनि बीरधारा र भक्तिधारा गरी वर्गीकरण गर्न सकिन्छ । भक्तिधारा अन्तर्गत पनि कृष्णभक्ति, रामभक्ति र निर्गुण भक्तिधारा गरी वर्गीकरण गरिएको छ । यस्तै माध्यमिक काललाई पनि पूर्व माध्यमिक र उत्तर माध्यमिक काल गरी विभाजन गर्न सकिन्छ भने आधुनिक कालभित्र चार मोडहरूमा वर्गीकरण गरिएको पाइन्छ ।

# अध्याय तीन

# हेमजा साहित्य प्रतिष्ठान र हिमशिखर पत्रिकाको चिनारी

साहित्य मानवीय अभिव्यक्तिको एक शसक्त माध्यम हो । साहित्यले समाजमा भएका विभिन्न सबल र दुर्बल पक्षलाई प्रस्तुत गरेको हुन्छ । साहित्यलाई प्रस्तुत गर्ने विभिन्न विधा रहेका हुन्छन् । त्यस्ता विधाको विकास र विस्तारमा विभिन्न साहित्यिक संघ संस्थाले विशेष महत्व पुऱ्याएका छन् । यस्तै संस्था मध्येको एक हो हेमजा साहित्य प्रतिष्ठान । यस प्रतिष्ठानले नियमित रूपमा वाषिर्क हिमशिखर पत्रिका प्रकाशन गर्दै आएको पाइन्छ । प्रस्तुत अध्ययन हिमशिखर पत्रिकामा प्रकाशित गद्य कविताको विश्लेषण कार्यमा केन्द्रित रहेको छ । त्यसभन्दा पूर्व हेमजा साहित्य प्रतिष्ठानको परिचय, उद्देश्य, क्रियाकलाप, हिमशिखर पत्रिकाको चिनारीका साथै हिमशिखर पत्रिकाले समेटेका विभिन्न विधाहरूको जानकारी आवश्यक पर्ने भएकाले यस अध्यायमा सो को अध्ययन गरिएको छ ।

## ३.१ हेमजा साहित्य प्रतिष्ठानको परिचय

हेमजा गाउँ विकास समिति गण्डकी अञ्चल कास्की जिल्ला अन्तर्गन प्राकृतिक दृष्टिकोणले मनोरम ठाउँ हो । यो शैक्षिक एवम् वाङ्मय दृष्टिले पनि उर्वर रहेको छ । कवि मुकुन्दशरण उपाध्याय जन्मेको र साहित्य साधना गरेको ठाउँ हेमजा साहित्यको दृष्टिकोणले विकसित हुदै गएको छ । नेपाली साहित्यको विकासमा साहित्यका विविध विधा अन्तर्गत कलम चलाई हेमजाका स्रष्टाहरूले योगदान पुऱ्याउदै आएका छन् । चालिसको दशक वरपर  यहाँ केही शृङ्खला रहित साहित्यिक गतिविधिहरू देखापरेका भए पनि हेमजाले संस्थागत रूपमा साहित्यिक उर्जा प्राप्त गरिसकेको थिएन । पचासको दशकमा पनि हेमजामा साहित्यिक गतिविधिहरू सशक्त रूपमा अगाडि बढेनन् । यस्तो अवस्थामा यस क्षेत्रमा रहेका उदीयमान स्रष्टाहरूले आफ्नो भाबन पोख्ने संस्थाको अभाब भएको महशुस गरे । उदीयमान स्रष्टाको सक्रियता, लामो समयको भेटघाट र छलफल पश्चात् संस्था खोल्ने निर्णय गरे ।

नेपाली भाषा, संस्कृति र साहित्यको सेवामा संलग्न प्रतिभाहरूलाई प्रोत्साहन दिने र नव प्रतिभालाई साहित्य रचनामा संलग्न गराउने उद्देश्यले २०५४ मार्ग महिनामा हेमजाका बुद्धिजीवीएवम्समाजसेवीहरूको भेला आयोजना गरिएको थियो । उक्त भेलाले जनार्दनशरण त्रिपाठीको अध्यक्षतामा उक्त संस्थाको नाम हेमजा साहित्य प्रतिष्ठान रह्यो । २०५४ सालको शीतकालीन समयमा कोविदशरण उपाध्यायको सक्रियतामा हेमजामा बुद्धीजीवी, समाजसेवी एवम् साहित्यप्रेमीहरू भेला भई एउटा साहित्यिक संस्था स्थापना गर्ने निधो गरेअनुसार स्थापित तदर्थ समितिका अध्यक्षमा जनार्दनशरण त्रिपाठी, सचिब कोविदशरण उपाध्याय र सदस्यहरूमा कुलप्रसाद दाहाल, कृष्ण उदासी, कृष्णप्रसाद पौडेल, धर्मराज बाँस्तोला, माधबशरण बास्तोला, रामनाथ ओझा र शोभाकर तिम्सिना रहनुभएको थियो ।

यसै क्रममा मानब सभ्यता र संस्कृतिलाई सञ्जीवनी दिदै उच्च मानवीय आर्दशको परिकल्पना गर्ने साहित्य, संस्कृति कलालाई यिनै धारामा समाहित गरि सशक्त रूपमा अघि बढाउने उद्देश्यले वि.सं २०५४ सालको वर्षा रितुमा कास्की जिल्ला प्रशासन कार्यलयमा आफ्नो नामाङ्कन गर्ने मौका प्राप्त गऱ्यो हेमजा साहित्य प्रतिष्ठानले । यसको दर्ता नं ५३४/०५५ रहेको छ ।

## ३.२ हेमजा साहित्य प्रतिष्ठानको उद्देश्य

हेमजासाहित्य प्रतिष्ठान स्थापना कालदेखि नै नेपाली भाषा, साहित्य र संस्कृतिको जर्गेना  र उत्थानमा लागेको स्थानीय रूपमा सङ्गठित पहिलो संस्था हो । यस संस्थाले गहन भूमिकालाई मनन गरी नेपाली साहित्यको श्रीवृद्धिमा केही गर्न कटिबद्धता देखाएको छ । सहित्य क्षेत्रसँग आबद्ध संस्थाहरूको इतिहासलाई सिंहावलोकन गर्दा गण्डकी अञ्चल भरीका वाङ्मयिक संरचनाहरूमध्ये यो संस्था पनि क्रियाशील संस्थाका रूपमा परिचित संस्था हो । यस संस्थाका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण र सम्बर्द्धन गरी सृजनाको क्षेत्रमा स्थानीय स्तरबाट संगठित रूपले योगदान पुऱ्याउने ।

ख) स्थानीय प्रतिभाहरूलाई भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा समर्पित हुन प्रोत्साहन गर्ने ।

ग) सृजनशिलतालाई सर्वोपरि रूपमा राखेर सङ्कलन र नवीकरणलाई अघि बढाउने ।

घ) समाजसेवा सँग सम्बन्धित विभिन्न कार्यक्रमहरूसञ्चालन गर्ने ।

ङ) साधारण सभाद्वारा निर्धारित एवम् स्वीकृत कार्यक्रमलाई कार्यन्वयन गर्ने ।

## ३.३ हेमजा साहित्य प्रतिष्ठानद्वारा सञ्चालित विविध गतिविधिहरू

नेपाली भाषा, साहित्य र सस्कृतिको उत्थानमा टेवा पुऱ्याउने उद्देश्यले हेमजा साहित्य प्रतिष्ठानले विभिन्न गतिविधिहरूसञ्चालन गर्दै आएको छ । जसको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

- विभिन्न जयन्तिका अवसरमा सञ्चालित साहित्यिक गतिविधिहरू ( २०५५)
- वृद्ध नागरिकप्रति सम्मान तथा वाचानलय सञ्चालन ( २०५५)
- विद्यालय स्तरीय साहित्यिक प्रतियोगिता ( २०५५)
- मासिक " प्रतिभा संगम" साहित्यिक कार्यक्रम( २०५५, मार्ग)
- गोष्ठी सञ्चालन (२०५६)
- अभिनन्दन कार्यक्रम ( २०५६)
- पत्रिका प्रकाशन ( २०५७)
- विमोचन कार्यक्रम ( २०५७)
- लोकगीत प्रतियोगिता ( २०५८)
- भजन प्रतियोगिता( २०५८)
- खुल्ला दोहोरी गीत प्रतियोगिता (२०५९)
- तीज गीत प्रतियोगिता ( २०५९)
- शुभप्रभात काव्यमाला ( २०६०) मासिक कार्यक्रम
- छन्द प्रशिक्षण (२०६१)
- भ्रष्टचार विरूद्धको साहित्यक अभियान ( २०६१)
- माउण्टेन ट्रष्ट नेपालद्वारा छात्रवृत्ति सहयोग कार्यक्रम (२०६५)

यस प्रतिष्ठानले विभिन्न समयमा विभिन्न प्रकारका साहित्कि कार्यक्रम सम्पन्न गऱ्यो । प्रतिष्ठानद्वारा सम्पन्न गरिएका कार्यक्रमले स्थापित तथा नवोदित स्रष्टालाई साहित्य सृजनामा लाग्न प्रेरणा मिलेको

छ। यस्ता विभिन्न कार्यक्रमका माध्यमबाटनेपाली साहित्यको विकासमा महत्वपूर्ण योगदान पुगेको छ ।

## ३.४ हिमशिखर पत्रिकाको चिनारी

हेमजाका बुद्धिजीवी, समाजसेवी, साहित्य पारखी तथा स्थानीय जनप्रतिनिधिको सक्रियतामा स्थापित हेमजा साहित्य प्रतिष्ठानद्वारा वार्षिक रूपमा प्रकाशन हुदै आएको साहित्यिक पत्रिकाको नाम हो हिमशिखर । २०५५ सालमा तय गरेका उद्देश्य अनुरूप नै संस्थाले विभिन्न साहित्यिक क्रियाकलाप गर्दै अगाडि बढेको छ । गण्डकी अञ्चलभरीका साहित्यिक संस्थामध्ये यो संस्था क्रियाशीलताका साथ अगाडि बढिरहेको छ । मानवीय अनुभूतिलाई पाठक समक्ष पुऱ्याउने माध्यमध्ये पत्रपत्रिकाको भूमिका महत्वपूर्ण रहेको हुन्छ । त्यसैमध्ये हिमशिखर पत्रिकाले पनि विभिन्न साहित्यकारका साहित्यिक लेख रचनालाई पाठक सामु पुऱ्याउन उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ । हेमजा साहित्यिक प्रतिष्ठानका गतिविधि, साहित्यिक कार्ययोजना र कार्यक्रमलाई सम्पूर्ण माझ पुऱ्याउन नवोदित साहित्यकारलाई थप प्रेरणा प्रदान गर्ने उद्देश्यले कृष्णप्रसाद पौडेलको संयोजकत्वमा नेपालीहरूको महान चाड विजयदशमीको अवसर पारेर २०५७ सालबाट यो पत्रिका वार्षिक रूपमा प्रकाशित हुन थालेको हो । पत्रिकाका हाल १६ अङ्क प्रकशित भइसकेका छन् ।

साहित्य समाजको दर्पण हो । कविता, कथा, नाटक, उपन्यास विभिन्न लेख समालोचना आदि साहित्यका मुटु हुन् । विभिन्न लेख रचनालाई पाठक समक्ष पुऱ्याउने काम यिनै साहित्यिक पत्रिकाले गर्दछन् । हिमशिखर वार्षिक पत्रिकाले जिल्ला भित्र अथवा वाहिर रहेका साहित्य प्रेमी व्यक्तित्वको सीप, कला र क्षमतालाई उजागर गरी पत्रिका मार्फत प्रकाशन गरेको पाइन्छ । वार्षिक रूपमा प्रकाशन गर्दै आएको हिमशिखर पत्रिकामा प्रारम्भका अङ्कमा हेमजा र वरपरका गाविसका नवप्रतिभा र स्थापित साहित्यकारका रचनालाई समावेश गर्दै आएएको थियो । पत्रिका हालसम्म आइपुग्दा नेपाल अधिराज्यभरका स्रष्टा साधकका हाइकू, मुक्तक, गीत, गजल, कविता, लघुकथा, कथा, निवन्ध, समीक्षा, समालोचना, एकाङ्की लगायतका लघुदेखि बृहत आयामसम्मका रचना निरन्तर प्रकाशन हुदै आइरहेका छन् ।

यस पत्रिकामा समावेश गरिएका रचनामध्ये कविता विधाले बढी स्थान ओगटेको पाइन्छ । जसले एक अङ्क कविता विशेषाङ्ककै रूपमा प्रकाशित गरेको छ । कला, साहित्यको उत्थान र विकासका लागि उल्लेखनीय भूमिका निर्वाह गर्न सफल भएकाले स्थानीय मात्र नभई राष्ट्रियस्तरमा पनि उल्लेखनीय स्थान ओगट्न सफल भएको छ ।

## ३.५ हिमशिखर पत्रिकामा आवद्ध केही गद्य कविहरूको विवरणात्मक सूची

साहित्यिक पत्रिकाका मुटु भनेका कविता, कथा, उपन्यास, नाटक, व्यङ्ग्य लेख, समालोचना आदि हुन् । हिमशिखर पत्रिकाले पनि यिनै र यस्तै विविध विधाका रचनालाई क्रमिक रूपमा प्रकाशित गरी पाठक समक्ष पुऱ्याउने काम गरेको हुन्छ ।

हिमशिखर पत्रिकामा गद्य तथा पद्य कविता पर्याप्त मात्रामा समावेश भएका छन् । यस पत्रिकाको पहिलो प्रवेशाङ्कदेखि पूर्णाङ्क १० सम्मका अङ्कमा गद्य र पद्य गरी जम्मा ५२५ कविता विभिन्न स्रष्टाहरूबाट सिर्जना गरिएको पाइन्छ । यस आधारमा हेर्दा यस पत्रिकाले अन्य विधालाई भन्दा कवितालाई प्रमुखताका साथ स्थान प्रदान गरेको छ ।

यस पत्रिकामा प्रकाशित भएका अन्य रचनाका बारेमा समग्र रूपमा अध्ययन भइसकेकाले प्रवेशाङ्कदेखि १० अङ्कसम्ममा प्रकाशित गद्य कविताको मात्र अध्ययन र विश्लेषण गर्ने प्रयास गरिएको छ । माथि उल्लेखित अङ्कमा प्रकाशित गद्य कवितालाई कालकम अनुसार राखी अनक्रमणिका तयार पारिएको छ ।

**तालिका नं. १**

**केही प्रमुख गद्य कविहरू र तिनका कविता शीर्षक**

| नाम | कविता सङ्ख्या | कविताको शीर्षक | अङ्क |
|---|---|---|---|
| सरूभक्त | १ | सरूमा रानी, मलाई कुहिरोमा हराएको गाउँ खोजि देऊ | १ |
| | २ | परेवाहरू | ४ |
| | ३ | हिमाल र नदीहरू | ६ |
| | ४ | सल्यकिया | ७ |

| | | | |
|---|---|---|---|
| | ५ | सशस्त्र ऐनाहरू: रगतका नदीहरू | ८ |
| | ६ | शताब्दीको कालरात्री | ९ |
| तीर्थ श्रेष्ठ | १ | आमा | ३ |
| | २ | राजधानीसँग | ७ |
| | ३ | विदाइको गीत | १० |
| रमेश श्रेष्ठ | १ | निंदका पैतालाहरू टेकेर | १ |
| | २ | अर्को महाभिनिष्क्रमको तयारीमा | २ |
| | ३ | भूमिहीन कविता | ३ |
| | ४ | प्रेमभुमिका गीतहरू | ४ |
| | ५ | आस्था उद्घोषण | ५ |
| | ६ | संवादको किनारमा | ६ |
| | ७ | अप्रीय उद्घाटन | ७ |
| | ८ | धम्पुस साइला र सपनाहरू | ८ |
| | ९ | खबरहरूको एक दिन | ९ |
| | १० | हराएको मान्छे | १० |
| दामोदर त्रिपाठी | १ | चन्दा | १ |
| | २ | आवाद वस्ती | २ |
| | ३ | शहर | ३ |
| | ४ | आवाजहरू | ४ |
| | ५ | मर्टिना १ | ५ |
| | ६ | हिमाल तिम्रो हिउँ पग्लिनुपर्छ | ६ |
| कृष्ण उदासी | १ | इन्कलाब जिन्दाबाद | २ |
| | २ | मान्छे र मान्छेहरू | ५ |
| | ३ | हुँकारको अर्थ | ७ |
| | ४ | रातो किरण | ८ |
| | ५ | हिजो र आज | १० |
| सरिता तिवारी | १ | रात | १ |

| | | | |
|---|---|---|---|
| रेशम पौडेल | १ | तिम्रो लागि मैले केही गर्न सकिन | १ |
| मोती पराजुली | १ | हिमशिखर | २ |
| टिकाराम उपाध्याय | १ | जुवाको घाऊ | ३ |
| इन्द्रकुमार विकल्प | १ | मन र पानी | ४ |
| लक्ष्मण थापा | १ | माया र मायाहरू | ४ |
| इमनाथ पौडेल | १ | वर्तमान | ५ |
| ध्रुवराज श्रेष्ठ | १ | उज्यालो खोजीमा | ५ |
| शिवमणि त्रिपाठी | १ | छद्म मानव | ३ |
| यमनाथ देवकोटा | १ | बुद्धका आँखा च्याति रहेछ | २ |
| **जम्मा कवि १५ जना** | **जम्मा कविता ४० वटा** | | |

## ३.५ निष्कर्ष:

प्रस्तुत अध्यायमा खासगरी सूत्रात्मक रूपमा हेमजा साहित्य प्रतिष्ठानको परिचय, हिमशिखर पत्रिकाको स्थापना तथा उक्त प्रतिष्ठानले गरेका विभिन्न कार्यहरूका विषयमा चर्चा गरिएको छ । त्यस क्रममा संस्थाका प्रमुख उद्देश्यहरू, संस्थाले गरेका साहित्यिक एवम् सामाजिक गतिविधिहरू र हिमशिखर पत्रिकाको चिनारी समेत प्रस्तुत गरिएको छ । साथै हिमशिखर पत्रिकाको १ देखि १० अङ्क सम्म प्रकाशित गद्यकविताको लेखनमा सम्लग्न केही प्रमुख कवि तथा प्रतिनिधि कविका कविताहरूको विवरण समावेश गरिएको छ ।

# अध्याय चार

# हिमशिखर पत्रिकामा प्रकाशित गद्य कविताहरूको अध्ययन र विश्लेषण

हेमजा साहित्य प्रतिष्ठानद्वारा प्रकाशित हुदै आएको साहित्यिक पत्रिका हिमशिखरले स्थापित र नव प्रवेशी स्रष्टाहरूका सिर्जनालाई समावेश गरेको पाइन्छ । साहित्यका विभिन्न विधामा यस पत्रिकाले योगदान पुऱ्याउँदै आएको देखिन्छ । यस्ता सिर्जनाको खोज तथा अनुसन्धान हुनु आवश्यक पनि छ । यस अध्ययनमा हिमशिखर पत्रिकामा प्रकाशित भएका गद्य कविताहरूको अध्ययन विश्लेषण गरिएको छ । यसमा पनि सबै गद्य कविताहरूको अध्ययन गर्न सम्भव नभएकाले अङ्क १ देखि १० सम्मका प्रनिधिमूलक ढङ्गले जम्मा १५ जना कविका ४० वटा कवितालाई मात्र यस कार्यमा समावेश गरिएको छ ।

## ४.१ सरूभक्तका गद्य कविताको विश्लेषण

हेमजा साहित्य प्रतिष्ठानद्वारा प्रकाशित हिमशिखर पत्रिकाका विभिन्न अङ्कमा सरूभक्तका ६ वटा गद्य कविता समावेश भएको पाइन्छ । जसलाई तालिकामा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**तालिका नं. २**

**सरूभक्तका प्रकाशित गद्य कविताहरू**

| क.सं. | कविताको शीर्षक | अङ्क |
|---|---|---|
| 1 | सरूमा रानी, मलाई कुहिरोमा हराएको गाउँ खोजि देऊ | १ |
| 2 | परेवाहरू | ४ |
| 3 | हिमाल र नदीहरू | ६ |
| 4 | सल्यक्रिया | ७ |
| 5 | सशस्त्र ऐनाहरू: रगतका नदीहरू | ८ |
| 6 | शताब्दीको कालरात्री | ९ |

माथिको तालिका अनुसार सरूभक्तको **सरूमा रानी मलाई कुहिरोमा हराएको गाउँ खोजि देऊ** कविता हिमशिखर पत्रिकाको अङ्क १ मा प्रकाशित भएको कविता हो । यसमा कविले आफ्नो वरपरको प्राकृतिक पर्यावरणमा आएको परिवर्तनबारे आफ्ना धारणा व्यक्त गरेका छन् ।

*ज्ञात अज्ञात*

*पर्यावरणलाई व्यथा लागेर*

*ज्ञात अज्ञात*

*सांग्रिलाजस्तो सुरम्य मेरो गाउँलाई*

*कुहिरोले डम्म ढाकेको छ*

*(हिमशिखर पृ. २७ )*

पहिला जताततै हरियाली देखिने गाउँलाई अहिलेको धुवा, धुलो र प्रदूषणले ढाकेको छ । पहिलाको स्वच्छ सुन्दर वातावरण अहिले मानिसहरूको भिडभाड, गाडीहरूको चाप उद्योग कलकारखाना आदिबाट निस्कने फोहोरमैलाले आफ्नो वातावरण नै कता कता हराएको छ भनी कविले आफ्नो धारणा व्यक्त गरेका छन् । आफ्नो गाउँ यस्तो हुँदा आफू विवश भएर केही गर्न नसकेको कवि बताउँछन् । कविले आफ्नै गाउँका भीर पहरा, वनजङ्गल, खोल्सा खेत र घरहरू कता कता हराएको र आफूले खोजिरहेको भनी बताएका छन् । पहिलाको घना जङ्गल अहिले जथाभावी फाडेर वन पातलो हुँदै गएको र भीर पहरा फोरेर ठुला ठुला महलहरू बनेको र खोल्सा खेतहरूमा पनि बालीनालीको सट्टा घरहरूले नै भरिभराउ भएको हुनाले कविले आफ्नो पहिलाको गाउँको रूप रङ्ग नै फेरिएको बताएका छन् । कविले सरूमा रानीलाई आफ्नो पहिलाको हराभरा र सुरम्य गाउँ खोजी दिन आग्रह गरेका छन् ।

यस्तै गरी उनको **परेवाहरू** शीर्षकको कविता हिमशिखर पत्रिकाको अङ्क ४ मा प्रकाशित भएको हो । यस कवितामा कविले परेवालाई शान्तिको प्रतीक मानेर परेवा जस्तै शान्ति पनि निरीह र निर्बल छ भनी तिखो व्यङ्ग्य प्रहार गरेका छन् । जस्तै :

*आह ! शान्तिका प्रतीक परेवारहरू*

*शान्तिझैं*

*निरीह निरीह हुन्छन्*

*आह ! शान्तिका प्रतीक परेवाहरू*

*निर्वल निर्वल हुन्छन् ।*

*(हिमशिखर पृ. १६)*

सयौ वर्षदेखि मानिसहरूले परेवालाई शान्तिको प्रतीक मान्दै आएका छन् । शान्तिको कामना गरी मानिसहरूले परेवालाई मन्दिरमा स्तुपाहरूमा उडाउने गरेका छन् । कविले परेवालाई शान्तिसँग तुलना गरेका छन् । परेवा शान्ति जस्तै निश्चल छ, शान्ति जस्तै सुन्दर छ। परेवाहरू कसैसँग लड्दैनन् सबैसँग मिलिजुली आफ्नो आहार बाँडीचुँडी खान्छन् । आफ्नै काममा व्यस्त हुन्छन्। कसैले समात्न चाहे समात्न सकिन्छ, मार्न चाहे मार्न सकिन्छ किनकि परेवा निरीह निर्बल हुन्छ, शान्ति जस्तै भनी कविले आफ्नो धारणा व्यक्त गरेका छन् ।

**हिमाल  र नदीहरू** शीर्षकको कविता हिमशिखर अङ्क ६ मा प्रकाशित भएको पाइन्छ यस कवितामा कविले नेपालको प्राकृतिक सौन्दर्यका रूपमा रहेको हिमाल र नदीको सम्बन्धलाई उजागर गर्न खोजेका छन् । जस्तैः

*हिमालबाट बग्ने नदीहरू*

*पहाडी खोचहरूमा साँघुरिएर गर्जेपनि*

*तिनले आफ्ना स्वच्छताहरू हराउँदैनन*

*तिनले आफ्ना सुन्दरताहरू हराउँदैनन*

*तिनले आफ्ना शीतलताहरू हराउँदैनन*

*(हिमशिखर पृ. ५ )*

कविले हिमाल र नदी बिचको सुमधुर सम्बन्धको व्याख्या गरेका छन् । हिमालबाट बग्ने नदीहरू जहिले पनि स्वच्छ, सुन्दर र शीतल हुन्छन्, तर ती स्वच्छ, सुन्दर र शीतल नदीलाई प्रदूषित बनाउने काम मानिसहरूले गरेका छन् । हिमालबाट बग्दै पहाडको साँघुरो खोचमा छङ्छङ् गर्दै बगे पनि नदीको पानीको स्वच्छता, सुन्दरता र शीतलता हराउँदैन । हिमालको हिउँ पग्लेर नदी बनी त्यही नदीको पानीले महान् महान् कलकारखाना ठुला ठुला बाटो घाटो बनाउन सकिन्छ । नदीका सभ्यतामा कहिलेपनि क्रूरता, विभत्सता र बेथिति हुँदैनन्। हिमालको उच्चतामा रगतको हिउँ जम्दैन, रगतका नदीहरू बग्दैनन्, यसलाई नराम्रो, अशान्त बनाउने काम मानिसहरूले नै गरेका हुन्छन् ।

**सशस्त्र ऐनाहरूः रगतका नदीहरू**अर्को उत्कृष्ट कविता हो । यो कविता हिमशिखर पत्रिकाको अङ्क ८ मा प्रकाशित भएको छ । यस कविता मार्फत् कविले देशको वर्तमान परिवर्तित अवस्थाको विषयमा चित्रण गरेका छन् । जस्तै :

*ए ! के सुरक्षामा छन् सुरक्षित सुरक्षाकर्मीहरू?*
*जाऊँ बरू खाडीतिरै, भविष्य भेटिन्छ कि?*
*बेल्जियमबाट आयातित सशस्त्र ऐनाहरू*
*हिमालबाट बग्दैनन् रगतका नदीहरू*
*ए ! यो पशुपतिनाथको देश हो*
*यहाँ मान्छे पाइदैन ?*

*(हिमशिखर, पृ. ४)*

नेपाल आन्तरिकद्वन्द्वको चपेटामा पिल्सिएको बेला सुरक्षाकर्मी समेत असुरक्षित रहेको अवस्थाप्रति सङ्केत गर्दै कविले अन्य सर्वसाधरण जनताहरू सुरक्षित रहने अवस्था नै छैन भन्दै बरु खाडीतिर पलायन भएमा भविष्य र जीवन सुरक्षित हुने तर्क प्रस्तुत गरेका छन् । देशमा आम नागरिकको सुरक्षा र भविष्य दुवै नभएको प्रति कविले यस कविता मार्फत चिन्ता प्रकट गरेका छन् । पृथ्वी नारायण शाहले एकता आरम्भ गरेको देशमा आज विखण्डनको कालो बादल मडारीइरहेकोप्रति सङ्केत गर्दै कविले हिमालयको देशमा रगतको खोलो बग्नु आश्चर्यको कुरा भएको विचार व्यक्त

गरेका छन् । पशुपतिनाथको देशमा आज कुनै पनि व्यक्ति देवता र मानब हुन नसकेको र सबैमा दानवीय प्रवृत्ति बढ्दै गएकोप्रति सचेत रहन सबैलाई आग्रह गरेका छन् । हामीले अन्य देशबाट हातहतियार भिकाएर आन्तरिक द्वन्द्वको समाधान गर्ने निरर्थक प्रयास गर्नुभन्दा वार्ता र सम्वादको माध्यमबाट अगाडि बढ्नुपर्ने सुझाब हाम्रा शासक वर्गलाई कविले यस कविता मार्फत दिएका छन् ।

**शताब्दीको कालरात्री** शीर्षकको कविता हिमशिखर पत्रिकाको अङ्क ९ मा प्रकाशित भएको अर्को कविता हो । उनले यस कविता मार्फत् देशको बदलिदो परिस्थिति र त्यसले पारेको प्रभावलाई यथार्थ ढङ्गले चित्रण गरेका छन् । जस्तैः

*विषालु बतासहरू*

*जीवाणु मार्न फोहोरको कन्टेनरमा*

*बम राखिएको छ*

*सडकमा सिँगौरी खेल्ने राँगाँहरू*

*केशमा जून सिउरिएर*

*मोमका हिमालहरू उक्लिरहेछन् ।*

*(हिमशिखर, पृ. ११)*

नेपालको द्वन्द्वकालीन अवस्थामा जनताहरू ज्यादै त्रस्त थिए । जतासुकै विषालु अर्थात् डर र आतङ्कको चिसो बतास फैलिएको थियो । फोहोरका कन्टेनरमा समेत बम राखेर क्रूरता प्रदर्शन गरिएको थियो । यस्तो विषम परिस्थितिमा पनि सडकमा सिगौरी खेल्ने राँगाहरू अर्थात् नेताहरू आराम पूर्वक मोज गरिरहेका थिए । उनीहरू बाहिर द्वन्द्वको नाटक रचेर भित्र भित्रै आफ्नो स्वार्थ पूरा गर्ने उद्देश्यमा निरन्तर सक्रिय थिए भन्ने भाव माथिको कविताांशमा व्यक्त गरिएको छ ।

## ४.२ तीर्थ श्रेष्ठका गद्य कविताको विश्लेषण

हेमजा साहित्य प्रतिष्ठानद्वारा प्रकाशित हिमशिखर पत्रिकाका विभिन्न अङ्कमा तीर्थ जम्मा ३ वटा गद्य कविता समावेश गरिएको छ । ती कवितालाई तालिकामा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**तालिका नं. ३**

**तीर्थ श्रेष्ठका प्रकाशित गद्य कविताहरू**

| क्र.सं. | कविताको शीर्षक | अङ्क |
|---|---|---|
| १ | आमा | ३ |
| २ | राजधानीसँग | ७ |
| ३ | विदाइको गीत | १० |

हिमशिखर पत्रिकाको अङ्क ३ मा प्रकाशित गरिएको **आमा**शीर्षकको कविता कवि तीर्थ श्रेष्ठको पहिलो कविता हो । यस कवितामाश्रेष्ठले राष्ट्र र राष्ट्रियताप्रति आफ्ना भावहरू प्रस्तुत गर्दै आफ्नो राष्ट्रलाई नै आमाको संज्ञा दिएका छन् । जस्तैः

*परेवाहरू लुटपुटिए*

*आमाको काख झैं आकाशमा*

*आकाश झैं आमाको काखमा*

*आमाको काखभन्दा सुन्दर*

*संभवतः कुनै संसार छैन*

*आमाको काखभन्दा विराट*

*संभवतः विराटता छैन ।*

*( हिमशिखर, पृ, ३३)*

आमाको काख सबैलाई प्यारो र न्यानो हुन्छ । परेवाहरू पनि यही स्वतन्त्र आकाशका सन्तति हुन् । त्यसैले उनीहरूलाई स्वतन्त्र आकाश प्यारो लाग्छ । हामी जतिसुकै सुखसयलमा रमाएर बस्न पाएपनि

विदेशी भूमिभन्दा स्वदेशी दुःख नै प्यारो हुन्छ, यही र यही नै आनन्द छ भन्ने भाव माथिको कवितांशमा प्रस्तुत गरिएको छ ।

यस्तै **राजधानीसँग** शीर्षकको कविता हिमशिखर साहित्यिक पत्रिकाको सातौ अङ्कमा प्रकाशित रहेको छ । यस कविता मार्फत कवि श्रेष्ठले हाम्रो देशको राजधानीको दुरावस्था र त्यसले निम्त्याएको विकराल स्थितिका विषयमा चर्चा गरेका छन् । जस्तै :

*सबैभन्दा भोको छौ तिमी*

*सबैभन्दा रोगी छौ तिमी*

*नअघाउने रोगले ग्रस्त*

*ओ राजधानी !*

*अनन्त झैं तिम्रो आकांक्षाको परेड*

*कहिलेसम्म सुदूर प्रदेशहरूको छातीमाथि चल्ने हो ?*

*(हिमशिखर, पृ. २२)*

यहाँ राजधानीलाई सबैभन्दा भोको मानिएको छ । किनकि राजधानीमा कैयौँ भोका मानिसहरू बसोबास गर्दछन् । राजधानीमा अन्न उब्जाउने जमिन छैन। राजधानी सबैभन्दा रोगी पनि छन् किनकि राजधानीको धुलो र धुवाले स्वस्थ मानिसलाई पनि अस्वस्थ बनाइदिन्छ । राजधानी कहिल्यै खाएर अघाउँदैन । त्यसैले ऊ अरूलाई दिन जान्दैन। ऊ सधै सुदूर प्रदेशहरूको छातीमाथि परेड खेल्न चाहन्छ भन्दै केन्द्रिकृत राज्यसत्ताको प्रतीकात्मक रूपमा विरोध गरिएको छ ।

यसैगरी हिमशिखर साहित्यिक पत्रिकाको १० औ अङ्कमा रहेको **विदाइको गीत**शीर्षकको कविता अर्को उत्कृष्ट कविता हो । यस कवितामा कवि श्रेष्ठले आफन्तजनसँगको विछोडको पिडालाई अनुभूतिको माध्यमबाट व्यक्त गरेका छन् । जस्तैः

*केही डरलाग्दा सपनाहरू छन्*

*प्रचण्ड वेगसँगै नहुँदै आएका छालहरू छन्*

*निस्सासिएको छु*

*विगत स्मृतिहरूको घेरामा कैद छु*

*जानुपर्ने ठाउँको ठेगान छैन*

*मनभित्र कुराहरूको ताण्डव चलेको छ*

*मानै हृदयभित्र आफ्नै लास जलेको छ ।*

*(हिमशिखर, पृ. १२)*

माथिका कवितामा मुख्यतः आफन्तसँगको बिछोडको पीडा र वेदना सहँदा कविलाई असह्य चोट परेको सन्दर्भलाई कविताले प्रस्तुत गरेको छ ।

## ४.३ रमेश श्रेष्ठका गद्य कविताको विश्लेषण

हेमजा साहित्य प्रतिष्ठानद्वारा प्रकाशित हिमशिखर पत्रिकाका विभिन्न अङ्कमा गरी रमेश श्रेष्ठले जम्मा १० वटा गद्य कविता समावेश गराएका छन् । ती कवितालाई तालिकामा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**तालिका नं. ४**

**रमेश श्रेष्ठका प्रकाशित गद्य कविताहरू**

| क्र.सं. | कविताको शीर्षक | अङ्क |
|---|---|---|
| १ | निंदका पैतालाहरू टेकेर | १ |
| २ | अर्को महाभिनिक्रमको तयारीमा | २ |
| ३ | भूमिहीन कविता | ३ |
| ४ | प्रेमभूमिका गीतहरू | ४ |
| ५ | आस्था उद्घोषण | ५ |
| ६ | सम्वादको किनारमा | ६ |
| ७ | अप्रीय उद्घाटन | ७ |
| ८ | धम्पुस साइला र सपनाहरू | ८ |

| | | |
|---|---|---|
| ९ | खबरहरूको एक दिन | ९ |
| १० | हराएको मान्छे | १० |

माथिको तालिका अनुसार रमेश श्रेष्ठको हिमशिखर पत्रिककाको पहिलो अङ्कमा प्रकाशित भएको कविता **निदका पैतालाहरू टेकेर**हो ।यस कविता मार्फत कविले वर्तमान समयका मानिसहरूको कष्टकर जीवनशैलीको विषयमा चर्चा गरेका छन् । जस्तैः

*सुरक्षाको अभावले*

*चोकको मूल ढोकाहरूमा*

*ताछिएका छन् कुमारी स्तनहरू*

*क्षत विक्षत छन्*

*आमाहरूका पाठेघरहरू*

*सपूंत जन्माउन नसकेको*

*काला अति नै काला पीडाहरूमा*

*जन्तीहरू मलामीमा परिणत भैरहेका छन् ।*

*(हिमशिखर, पृ. ३०)*

वर्तमान समयमा हाम्रो देश नेपालमा कुनै कुराको सुरक्षा छैन । न लगानीको सुरक्षा छ, न यात्रीको सुरक्षा छ, न अस्तित्वको सुरक्षा, न इज्जत प्रतिष्ठाको सुरक्षा छ, न स्वास्थ्यको सुरक्षा छ भन्दै कविले यस्तो कठिन परिस्थितिमा नागरिकहरूले दुई मुठी सास जोगाउनकै लागि भएपनि घिसारिएर अनि पिल्सिएर बाच्नु परेको वास्तविक यथार्थलाई माथिका कविताहरू मार्फत प्रस्तुत गरेका छन् ।

यस्तै **अर्को महाभिनिष्क्रमको तयारीमा**शीर्षकको कविता हिमशिखर साहित्यिक पत्रिकाको अङ्क २ मा प्रकाशित भएको पाइन्छ । यस कवितामार्फत कवि श्रेष्ठले सम्पूर्ण मानिसलाई समयको गति अनुसार चल्न आग्रह गरेका छन् । जस्तैः

*यात्रा गर!*

*अनन्त यात्रा गर समयसँग*

*जीवनपीडाको झरना हो ।*

*जीवन अनुष्ठानको पहाड हो ।*

*म भित्रको बुद्धले आत्माबोध गराउँछ मलाई*

*कविताले पखालेर*

*सुन्दर बनाउँछु म समय*

*अर्को महाभिनिष्क्रमको तयारीमा छ*

*मेरो अभिव्यक्ति*

*मेरो अक्षर*

*मेरो कविता ।*

*(हिमशिखर, पृ. ३४)*

यहाँ कविले जीवनरूपी यात्रामा हामीले समयको गति सँगसँगै अनन्त यात्रा गर्नुपर्ने विचार प्रकट गरेका छन् । उक्त यात्रामा कहिले पीडाका झरनाहरू आँसु बनेर खसिदिन्छन् कहिले संघर्षका पहाडहरू अवरोध बनेर बसिदिन्छन् । त्यसैले जीवनलाई एउटा कविता जस्तै ठानेर कल्पना लोकमा रमाउने हो भने आफुभित्रको बुद्धलाई चिन्न सकिन्छ । समयलाई सुन्दर बनाउन सकिन्छ । सुखी जीवन यापनको सुरूवात गर्न सकिन्छ । मानिसले आफ्नो संकीर्ण विचार र चिन्तन त्यागेर उदार भावनाका साथ अगाडि बढ्ने हो भने जीवन साच्चै सुन्दर कविता जस्तै बन्न सक्छ भन्ने भाव माथिको कवितांशमा प्रस्तुत गरिएको छ ।

यसैगरी **भूमिहीन कविता** शीर्षकको कविता हिमशिखर साहित्यिक पत्रिकाको अङ्क तिनमा प्रकाशित भएको छ । उनले यस कविता मार्फत आफ्नै देशमा पनि नागरिकहरू शरणार्थी जस्तै भएर बाँच्नु परेको पीडालाई अभिव्यक्त गर्न खोजिएको छ । जस्तैः

*एकटक्रा आकाश हत्केलामा छ*

*अर्को टक्रा आकाश म ओडिरहेछु*

*सपनाका थुप्रै टक्रा आकाशहरू*

*घुमिरहन्छन् आँखामा*

*म  नियालिरहन्छु पल्लो डिललाई*

*जो सपनामा मात्र देखा पर्छ*

*सपनाको सम्भनामा देखा पर्छ*

*सुस्तरी डिलमा उभिन खोज्छु*

*टक्रै टक्रा आकाशको बीचबाट*

*विशाल नदी उर्लेर आउँछ ।*

*(हिमशिखरपृ. २५ )*

यहाँ नागरिकहरू दुख र पीडाको भुमरिमा छट्पटिएर जीउन वाध्य छन् । उनीहरूको स्वतन्त्र रूपमा जिउने कुनै आधार छैन । सुखी जिन्दगीको कल्पनामा हराउँदा हराउँदै आफैलाई विर्सन पुग्छन् उनीहरू । उनीहरूलाई स्वतन्त्र जीवन जीउने बलियो आधारभूमि चाहिएको छ । सपनाको आधारभूमि हरेक दिन विपनामा भत्कन पुग्छ । उनीहरूको अस्थायी वस्ती बाढीले बगाउँछ । मानौ उनीहरू सुकुम्बासी भएका छन्, अनि देशभित्र नै शरणार्थी जीवन जीउन वाध्य छन् भन्ने विचार माथिको कवितामा प्रस्तुत गरिएको छ ।

**प्रेमभूमि गीतहरू**शीर्षकको कविता हिमशिखर साहित्यिक पत्रिकाको अङ्क ४ मा प्रकाशित रहेको छ । यस कविता मार्फत कवि श्रेष्ठले संकटकालीन अवस्थामा प्रेमी र प्रेमिका बीचको भेट पनि असम्भव थियो भन्ने कुरालाई सङ्केत गरेका छन् ।जस्तैः

*तिम्रो र मेरो बिच*

*पर्खाल थियो ।*

*अनुभूतिलाई समाल्नै नमिल्ने गरी*

*ताछिरहन्थ्यो*

*कतै तिमीसँगै/कतै मसँग*

*अघोषित कफ्र्युको आदेशपत्र जस्तै*

*मौनता थियो ।*

*( हिमशिखर, पृ. १०)*

यहाँ आत्मीय प्रेममा संलग्न प्रेमी प्रेमीहरूको बीचमा समेत संकटकालीन अवस्थाले पर्खाल खडा गरेर उनीहरूको नियमित भेटघाटलाई प्रतिबन्ध लगाएको कुरा व्यक्त गरिएको छ । उनीहरूलाई आफ्ना पिडा र विछोडका अनुभूतिहरू सम्हाल्न ज्यादै मुस्किल पर्दथ्यो । अघोषित कफ्र्यु र त्यसको सन्त्रासले कयौ प्रेमीकाहरूको मनमा विछोडको बेदनाले सताइरहन्थ्यो भन्ने यथार्थ सत्यलाई माथिका कविता हरफहरू मार्फत कलात्मक रूपमा प्रस्तुत गरिएको छ ।

**आस्था उद्घोषण** कविता हिमशिखर साहित्यिक पत्रिकाको अङ्क ५ मा प्रकाशित भएको पाइन्छ । यस कविता मार्फत कवि श्रेष्ठले देशप्रतिको मोहलाई दर्शाउँदै देशप्रेमको उच्च भावनालाई कविता मार्फत् प्रस्तुत गरिएको छ । जस्तै :

*झण्डाहरूमा नरहन सक्छ*

*राष्ट्रिय गीत भै नरहन सक्छ*

*आम मान्छेको जीजिविषामा*

*क्रिडारत मस्तिष्क अग्निमा*

*चोली र चौबन्दी, दौरा र सुरुवाल*

*खर्पन र खुकुरीमा नरहन सक्छ ।*

*( हिमशिखर, पृ, ५)*

यहाँ प्रत्येकनेपालीलाई आफ्नो देशको माया छ भन्दै हाम्रो राष्ट्रिय झण्डामा देश नरहन सक्छ । राष्ट्रिय गानमा देश नरहन सक्छ । आम मानिसहरूको बाँच्ने इच्छा र स्वतन्त्रतामा देश नरहन सक्छ । हाम्रो राष्ट्रिय पोशाक दौरा सुरुवाल र चौबन्दी चोलीमा देश नअटाउन सक्छ । हाम्रा खर्पन र खुकुरीहरूमा देश नरहन सक्छ । तर कविको नशा नशामा अनि शरीरको प्रत्येक कणकणमा देशको आधार रहने कुरालाई माथिको कवितांश मार्फत कलात्मक रूपमा प्रस्तुत गरिएको छ ।

यस्तैगरी रमेश श्रेष्ठाको **संवादको किनारमा** शीर्षकको कविता हिमशिखर साहित्यिक पत्रिकाको अङ्क ६ मा प्रकाशित रहेको छ । उनले यस कविता मार्फत् जीवन यात्राको नौलो अनुभूतिलाई प्रकट गरेका छन् । जस्तै:

*हामी तीरै तीर हिडिरहेका थियौं*

*बतासले ताछेको हाम्रो गन्ध*

*भिरै भिर हिडिरहेका*

*पाइला मेटिने गरी*

*हिडिरहेको त्यो हिडाइमा*

*नजिक आएर नदीको पानीले*

*ताली बजाइरहेको हुन्थ्यो ।*

*(हिमशिखर, पृ. ६)*

नेपाल प्राकृतिक सौन्दर्य र छटाले भरिपूर्ण देश हो । यहाँको अपार प्राकृतिक सौन्दर्य सँगसँगै यात्रा गर्दा मनमा प्रचुर मात्रामा आनन्दको अनुभूति हुन्छ । नदीको किनारै किनार हिड्दा चिसो बतासले अनि नदीको सुसाहटले ताली बजाएको र गिज्याएको अनुभूति हुन्छ भन्ने कुरालाई माथिको कवितांशमा कलात्मक रूपमा प्रस्तुत गरिएको छ ।

**अप्रीय उद्घाटन** शीर्षकको कविता हिमशिखर साहित्यिक पत्रिकाको अङ्क७ मा प्रकाशित रहेको छ ।यस कविता मार्फत कवि श्रेष्ठले अर्काको रचना अर्थात् सिर्जना चोरेर आफू ठुलो हुने मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । जस्तै:

*गुलाबका ओठहरूमा*

*विहानीका शीत देखेपछि*

*छट्पटाएर त्यसले*

*मरुभूमिका आँसुहरू बगाउन रून्छन्*

*सीमाहीन दुब्लो आतङ्कको*

*इनारमा खसेर*

*आत्म कुण्ठाका गुफाहरू पस्छन् ।*

*( हिमशिखर, पृ. ११)*

आजभोलिसबैजना आफूलाई ठुलो बनाउन चाहन्छन् । ठुलो बन्ने होडमा अरूका शब्द रचनाहरूमा अक्षर परिवर्तन गरी आफ्नो आत्म प्रशंसा गर्नेहरू पनि नेपाली समाजमा धेरै छन् । उनीहरू अरूको उन्नति देखेर प्यासले छटपटिन थाल्दछन् । मरूभूमिमा आँसु बगाउनको लागि रोएको नाटक गर्छन्। कहिल्यै अन्त्य नहुने होडवाजीको आतङ्कले इनारमा खसेर माथि उक्लनै नसक्ने गरी आत्म कुण्ठाको भुमरीमा पर्दछन् भन्ने भाब माथिको कवितांशमा प्रस्तुत गरिएको छ ।

यसैगरी हिमशिखर साहित्यिक पत्रिकको अङ्क ८ मा प्रकाशित भएको **धम्पुस साइँला र सपनाहरू** शीर्षकको कविता रमेश श्रेष्ठको अर्को उत्कृष्ट कविता हो । यस कवितामा कवि श्रेष्ठले धम्पुसका मानिसहरूको पौरखी जीवनशैलीलाई साइँला नामक पात्रको माध्यमबाट प्रस्तुत गरेका छन् । जस्तैः

*सम्बन्धको यो गाढा रातोपन*

*प्रत्येक विहान फैलिएर उनको अनुहारबाट*

*हिमालले पनि रातै हुने मन गर्छ,*

*हिमाल रङ्गिएको देखेपछि साइला दाई*

*आफ्नो जीवनको प्रत्येक पल*

*सपनाकारङ्गहरूले रङ्गाउन*

*पलहरूको जुझारू पौरखी अनुष्ठान गर्छ ।*

*( हिमशिखर, पृ. १७)*

साइँलो यस कविताको प्रतीकात्मक पात्र हो । उसले प्रत्येक कर्मशील धम्पुसवासीहरूको प्रतिनिधित्व गर्दछ । धम्पुस नजिकै देखिने हिमाली सौन्दर्य जस्तै धम्पुसबासीहरू समेत आफ्नो जीवनमा नयाँ सौन्दर्य उमार्न चाहन्छन् भन्ने कुरालाई माथिको कवितांशमा प्रस्तुत गरिएको छ ।

**खबरहरूको एकदिन** कविता हिमशिखर साहित्यिक पत्रिकाको अङ्क ९ मा प्रकाशित रहेको छ । यस कविता मार्फत कवि श्रेष्ठले आफ्नो मनका विभिन्न अनुभूतिहरूलाई कविताका माध्यमबाट प्रस्तुत गरेका छन् । जस्तैः

*बाटाहरू*

*टेकिएका फुलहरू सपना र आँसुमा*

*खुट्टाका दुखहरू गउदै थिए*

*असंख्य आसुहरूका चमकमा*

*केही तिर्खा र तरवार उध्याउदै थिए*

*तलसम्म झरेर पहाडका उचाइहरू हतार हतार*

*आफ्नो यौवन जोखेर देखाउँदै थिए ।*

*(हिमशिखर, पृ. १५)*

कवि मनमा अनेकौ भाव र विचारहरू समेटिएका छन् । कहिले फुलै फुलको संसार सजाउने सपना उब्जिएको छ । कहिले दुःख, पीडा र आँसुको भुमरी बल्झिएको छ । कहिले आँट र साहस बटुलेर सफलताका उचाइहरू चुम्ने मन पलाएको छ । यस्तै यस्तै खालको भाव माथिको कवितांशमा कविले कलात्मक रूपमा प्रस्तुत गरेका छन् ।

यसै गरी रमेश श्रेष्ठद्वारा रचिएको **हराएको मान्छे** कविता हिमशिखर साहित्यिक पत्रिकाको अङ्क १० मा प्रकाशित रहेको छ । यस कविता मार्फत कवि श्रेष्ठले राष्ट्रियताको लागि महान् त्याग र तपस्या

गर्ने व्यक्तिहरू आन्दोलनको सफलता पश्चात् कसरी पछाडि पारिन्छन् भन्ने कुरालाई आलङ्कारिक भाषाशैलीमा प्रस्तुत गरेका छन् । जस्तै :

*शब्दहरू शब्द जस्ता छैनन् अब*
*बालकहरूका मन जस्तै*
*लहै लहैमा लागेर*
*वृद्धाहरू जीवन झैं चुसिरहेका छन्*
*मौनता आइसक्रिमहरू*
*सभ्यताको गर्भ नै रोकिएला झैंगरी बजाइरहेका छन्*
*आवाजले पखालेर जनगायकहरू*
*आफ्नै नशामा आँसुको मुहान जस्तो सारङ्गी ।*

*(हिमशिखर, पृ. २३)*

शब्दले आफ्नो अर्थमा अनर्थ थपिदिएपछि शब्द शब्दजस्ता हुदैनन्। बालकका मनहरू जस्तै अर्काको लहै लहैमा लागेर वृद्धाहरू निरर्थक जीवन बाँचिरहेका छन् । मौनताका आइसक्रिमहरू चुसिरहेका छन् । किनकि खुसी आएर पनि उनीहरूको खुसी खोसिएको छ । लोकतन्त्र आएर पनि त्यसको अनुभूति जनताहरूले गर्न पाएका छैनन् । यहाँ लोकतन्त्रको मूल्य मान्यतामा हराएर लुटतन्त्र मच्चिएको छ भन्ने विचार माथिको कवितांश मार्फत् प्रकट गरिएको छ ।

## ४.४ दामोदर त्रिपाठीका गद्य कविताको विश्लेषण

कवि दामोदर त्रिपाठीले हेमजा साहित्य प्रतिष्ठानद्वारा प्रकाशित हिमशिखर पत्रिकाका विभिन्न अङ्कमा गरी जम्मा जम्मा ६ वटा गद्य कविता रचना प्रकाशन गरेका छन् । ती कवितालाई तालिकामा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**तालिका नं. ५**

**दामोदर त्रिपाठीका प्रकाशित गद्य कविताहरू**

| क्र.सं. | कविताको शीर्षक | अङ्क |
|---|---|---|
| १ | चन्दा | १ |
| २ | आवाद बस्ती | २ |
| ३ | शहर | ३ |
| ४ | आवाजहरू | ४ |
| ५ | मर्टिना १ | ५ |
| ६ | हिमाल तिम्रो हिउँ पग्लिनुपर्छ | ६ |

माथि प्रस्तुत गरिएका दामोदर त्रिपाठीका कवितामध्येको पहिलो कविता **चन्दा** हिमशिखर पत्रिकाको पहिलो अङ्कमा प्रकाशित भएको छ । यस कविता मार्फत कवि त्रिपाठीले रातको चादँनी देख्दा मनमा उब्जिएका विभिन्न उथुलपुथुलयुक्त भावहरूलाई प्रस्तुत गरेका छन् । जस्तैः

*छिद्रो त्यो पानीको जाली छिरेर*

*तिम्रै छहारी मुनि लेटिएर*

*म चुम्थें तिमीमा जीवन चुस्स चुस्स*

*हेरेर त्यै चाँदनी खुस्स खुस्स ।*

*(हिमशिखर, पृ. ६४)*

माथि प्रस्तुत कविताले चन्द्रमाको आकर्षित रूप देखेर त्यसप्रति कवि मोहित र लालायित भएको कुरालाई कलात्मक र रोचक पाराले प्रस्तुत गरिएको छ ।

यसै गरी त्रिपाठको दोस्रो कविता हो **आवाद बस्ती** । यो कविता हिमशिखर साहित्यिक पत्रिकाको दोस्रो अङ्कममा प्रकाशित भएको छ । यस कविता मार्फत कवि त्रिपाठीले आफ्नो आवाद वस्ती वरिपरिको प्राकृतिक सौन्दर्यको चर्चा गरेका छन् । जस्तैः

*यस्तै थियो याम  हिमा शिखरको*

*यस्तै नजानिने चिसो हावाको*

*गति मन्दतामा सबलहठ पाए*

*मैले त्यसैमा यो दिल मिसाए ।*

*(हिमशिखर, पृ. ११९)*

यहाँ कविले हिमशिखरको सौन्दर्यको दर्शन सँगसँगै आएको चिसो हावाले कविलाई आकर्षित गरेको छ । सर्रसर्र बहेको हावाको मन्दताले कवि लठ्ठ भएर आफ्नो दिललाई त्यै हावामा मिसाएको कुरा व्यक्त गरिएको छ ।

यस्तै **शहर** शीर्षक कविता दोमोदर त्रिपाठीको अर्को उत्कृष्ट रचना हो । जुन हिमशिखर साहित्यिक पत्रिकाको तेस्रो अङ्कमा प्रकाशित भएको छ । यस कविता मार्फत कवि त्रिपाठीले शहरी सौन्दर्य र कलाको विषयमा चर्चा गरेका छन् । जस्तैः

*कालिगढका शिल्पीहातहरूले*

*सिंगारिन्छन् शहरमा*

*घरका छाना र वैकलहरू*

*विराट मन भएका सुकोमल*

*मान्छेका वहानहरू सवार गर्ने*

*चिल्ला सडकका चमकहरूमा*

*शहर रोमाञ्चित हुन्छ ।*

*( हिमशिखर, पृ. ७०)*

यहाँ शहरमा कालिगढहरूका शिल्पी हातहरूले प्रत्येक छाना र वैकलहरू सजिएका छन् । विराट मन भएका मानिसका सवारीहरू चिल्लो सडकमा रोमाञ्चित पाराले गुडिरहेका छन् भन्ने कलात्मक भावलाई प्रस्तुत गरिएको छ ।

हिमशिखर साहित्यिक पत्रिकाको चौथो अङ्कमा प्रकाशित भएको त्रिपाठीको अर्को कविताको**आवाजहरू**भन्ने शीर्षक रहेको छ । यस कवितामा कवि त्रिपाठीले नेपालको द्वन्द्वकालीन अवस्थामा नेपाल आमा र नेपाल आमाकी छोरीले प्रकट गरेको चित्कारपूर्ण आवाजको चर्चा गरेका छन् । जस्तैः

*तिम्री आमाका*

*प्रसव पीडाका अभिव्यक्तिहरू*

*ठोकिदै थिए मेरा कानका दैलाहरूमा*

*म बुझ्थे ती आवाज सँगैका*

*उद्घोषहरू*

*( हिमशिखर, पृ. ५३)*

यहाँ नेपाल आमाको प्रसब पिडाको रूपमा रहेको हत्या हिंसा, आतङ्क युद्धजस्ता द्वन्द्वको चपेटालाई कवितामा उल्लेख गरिएको छ । यस्तापीडाले छटपटिएर निस्किएको क्रन्दनयुक्त चित्कार नै आवाजको रूपमा कवितामा प्रकट भएको छ ।

यस्तै **मर्टिना** शीर्षकको कविता हिमशिखर साहित्यिक पत्रिकाको पाचौ अङ्कमा प्रकाशित भएको छ । यस कविता मार्फत कवि त्रिपाठीले एउटा प्रेमीले विषम परिस्थितिको कारण आफ्नी प्रेमिकालाई माया दिन नसकेका प्रतिको गुनासो प्रकट गरेका छन् । जस्तैः

*हो मार्टिना*

*मेरो होस बेहोसीको*

*कुनै समय छैन*

*मेरो जीवन र मेरो मृत्युको*

*कुनै मुल्य छैन*

*म कुनै बेला*

*सडकमा पछारिन सक्छु*

*म कुनै बेला*

*जगंलमा लछारिन सक्छु*

*म कुनै पनि बेला*

*कान्लाहरूमा विस्फोट हुन सक्छु*

*म कुनै पनि वेला जल्लादका बुटहरूले*

*थिच्चिइन सक्छु ।*

*मिच्चिइन सक्छु ।*

*(हिमशिखर, पृ. ४८)*

यहाँ प्रेमीले आफ्नी प्रेमिकालाई सम्झाउदै आफु क्रान्ति अर्थात् परिवर्तनको पक्षमा उभिएको हुनाले आफूसँग प्रेमीकालाई माया गर्ने कुनै समय नभएको बताएको छ । आफ्नो जीवन र मृत्युको कुनै मुल्य नभएको, जुनसुकै बेला पनि सडकमा पछारिन र जङ्गलमा लछारिन सक्नेतर्फ प्रेमीले प्रेमिकालाई सचेत गराएको छ । आफू अचानक विष्फोट हुन सक्ने अर्थात् परचक्रीका बुटबाट थिच्चिइन र मिच्चिइन सक्नेतर्फ समेत सचेत गराएको छ ।

**हिमाल ! तिम्रो हिउँ पग्लिनु पर्छ** शीर्षकमा रचिएको प्रस्तुत कविता हिमशिखर साहित्यिक पत्रिकाको छैटौ अङ्कमा प्रकाशित भएको छ । उनले यस कविता मार्फत हिमालको प्राकृतिक सुन्दरताको गुणलाई कसैले विगार्न र रोक्न नहुने विचार प्रकट गरेका छन् । जस्तैः

*हिमाल*

*तिम्रो हिउँ पग्लिनुपर्छ*

*हिउँ पग्लन नदिने*

*तिम्रा वाचाहरू*

*हिउँ नपग्लन गरिएका*

*उद्घोष र दौडाहाहरू*

*नदी रोक्ने बाँधिएका वाचाहरू जस्तै हुन्*

*जो स्वयंमा औचित्यहीन छन्*

*ती विच्छिप्त मानसिकताका*

*अभित्साहरू वाहेक*

*अरू के हुन सक्छन् ?*

*(हिमशिखर, पृ. ५५)*

यहाँ वातावरण प्रदूषणका कारण हिमाली सौन्दर्यमा ह्रास आएको र हिउँ पग्लिएर सकिने खतरा भएको कारण हिमाललाई जोगाएर राख्ने खालका कार्यक्रमहरू प्राकृतिकपन विपरितको कार्य भएकाले त्यसलाई रोग्नु पर्ने र हिमालको हिउँ स्वतन्त्र रूपमा पग्लन दिनुपर्ने तर्क माथिको कविताांशमा प्रस्तुत गरिएको छ ।

## ४.५ कृष्ण उदासीका गद्य कविताको विश्लेषण

हेमजा साहित्य प्रतिष्ठानद्वारा प्रकाशित हिमशिखर पत्रिकाका विभिन्न अङ्कमा गरी कृष्ण उदासीले जम्मा ५ वटा गद्य कविता रचनालाई प्रकाशन गरेका छन् । ती कवितालाई तालिकामा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**तालिका नं. ६**

**कृष्ण उदासीका प्रकाशित गद्य कविताहरू**

| क्र.सं. | कविताको शीर्षक | अङ्क |
|---|---|---|
| १ | इन्कलाब जिन्दाबाद | २ |
| २ | मान्छे र मान्छेहरू | ५ |
| ३ | हुकारको अर्थ | ७ |
| ४ | रातो किरण | ८ |
| ५ | हिजो र आज | १० |

माथि तालिका प्रस्तुत गरिए अनुसार **इन्कलाब जिन्दावाद**शीर्षकको कविता कवि कृष्ण उदासीद्वारा सिर्जना गरिएको हो । यो कविता हिमशिखर साहित्यिक पत्रिकाको दोस्रो अङ्कमा प्रकाशित भएको छ । उनले यस कविता मार्फत् सामाजिक अन्याय र अत्याचार बढ्दै गएमा एकदिन अवश्य अधिकार प्राप्तिको लागि जुर्मुराउने छन् भन्ने विचार प्रस्तुत गरेका छन् ।जस्तै :

*यस्तै यस्तै भयो भने*

*यस्तै यस्तै रह्यो भने*

*एक दिन*

*बगरका ढुङ्गाहरू जुर्मुराउने छन् ।*

*पहाडका खोल्सा खोल्सी चलमलाउने छन् ।*

*चराहरू चिबिबराउने छन्-इन्कलाव जिन्दावा ,*

*खोलाहरू सुसाउने छन्- इन्कलाव जिन्दावाद !*

*(हिमशिखर पृ. ४२ )*

यहाँ यदि समाज र राष्ट्रमा अन्याय, अत्याचार, शोषण र दमन बढ्दै गएमा एकदिन सबै जुर्मुराउने छन् र आफ्नो अधिकार प्राप्तिको संघर्षमा होमीएर इनकलाब जिन्दावाद को नारा घन्काउने छन् भन्ने कुरालाई स्पष्ट पारिएको छ ।

उदासीको दोस्रो कविता **मान्छे र मान्छेहरू**रहेको छ । यो कविता हिमशिखर साहित्यिक पत्रिकाको पाचौ अङ्कमा प्रकाशित भएको छ । कविले यस कविता मार्फत मान्छेको जिन्दगीका विभिन्न आयामहरूको विषयमा चर्चा गरेका छन् । जस्तैः

*तिमीले जुन अर्थमा आफुलाई चेतन मान्यौ*

*त्यही अर्थमा*

*बाँच्नका लागि मान्छे भयौ*

*मान्छेका लागि बाँच्ने भएनौ*

*र तिमी व्यक्तित्व भएन/ व्यक्ति भयौ*

*र तिमी व्यक्तित्व भएनौ/ शक्ति भयौ ।*

*(हिमशिखर पृष्ठ. २९)*

यहाँ मानिसले आफुलाई चेतनशक्ति मानेपनि मानिस बाँच्नका लागि मात्र मान्छे भएको तर मान्छेका लागि बाच्न नसकेको कुरा प्रस्तुत गरिएको छ । साथै मानिस व्यक्तित्व नभएर व्यक्तिमा खुम्चिएको तथा व्यक्तित्व नभएर शक्तिमा खुम्चिएको प्रति पनि चिन्ता प्रकट गरिएको छ ।

यसैगरी **हुँकारको अर्थ** शीर्षकको कविता हिमशिखर साहित्यिक पत्रिकाको सातौ अङ्कमा समाविष्ट छ । उनले यस कविता मार्फत हुँकारको अर्थ अन्याय विरुद्धको आवाज, न्यायको स्थापना, म र मेरो भन्ने भावना अन्त्य गरी हामी भन्ने भावना वा विचारको उदय हो भन्ने कुरालाई कवितामार्फत् स्पष्ट पारेका छन् । जस्तै:

*म मेरालागि होइन, आफ्ना लागि होइन,*

*हाम्रा लागि हुनुपर्छ*

*हामीको सार्वभौमिक सत्तामा*

*विजयको लालझण्डा गाड्न*

*व्युझेका मनहरू*

*तन ढाल्दैमा ढल्दैनन्*

*तन मार्दैमा मर्दैनन् ।*

*( हिमशिखर पृ. ३१)*

यहाँ म भन्ने शब्द मेरो र आफ्नो लागि नभएर हाम्रो लागि हुनुपर्छ । हामीले आफ्नो सार्वभौमिक सत्ता स्थापना गरी विजयको झण्डा फहराउनुपर्छ । हाम्रा ब्युँझेका मनहरू शरीर ढल्दैमा ढल्दैनन् अनि कसैले मार्दैमा मर्दैनन् भन्ने भाव माथिको कवितांशमा प्रस्तुत गरिएको छ ।

हिमशिखर साहित्यिक पत्रिकाको आठौ अङ्कमा प्रकाशित **रातो किरण** शीर्षक रहेको कविता उदासीको अर्को महत्वपूर्ण कविता हो । कविले यस कविता मार्फत् बिहानी मिर्मिरेमा जूनको किरण देख्दा आफ्नो मनमा उत्पन्न विचार र अनुभूतिलाई प्रकट गरेका छन् । जस्तैः

*चिसो बिहानमा मैले*

*उज्यालो रातो किरण देखे*

*जुन फैलिदै थियो ।*

*विशाल धर्ती हुँदै*

*अनन्त आकाशसम्म ।*

*( हिमशिखर, पृ. ३६)*

यहाँ कविले विहानीको सिर्र सिर्र चिसो सिरेटोमा उज्यालोको किरण र रातो जूनको किरण देख्दा जूनको विशाल फैलावटलाई देखेर अचम्मित हुँदै नियालेको त्यस्तो अनुभूतिलाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् ।

यसै गरी उदासीको **हिजो र आज** शीर्षकको कविता हिमशिखर साहित्यिक पत्रिकाको दशौँ अङ्कमा प्रकाशित छ । उनले यस कविता मार्फत मानिसको हिजोको जिन्दगी र आजको जिन्दगीको विचमा रहेको समानता र भिन्नताको तुलना गरेका छन् । जस्तैः

*हिजो मेरा न कोही थिए*

*न म कसैको थिए*

*आज मेरा*

*हजार हजार शत्रु छन् ।*

*जो घृणा गर्छन् र मार्न तम्सन्छन्*

*लाख लाख मित्र छन्*

*जो प्रेम गर्छन्*

*र सलाम टक्याउँछन् ।*

*( हिमशिखर, पृ. ४७)*

यहाँ हिजोका मानिस र आजका मानिसको जीवनशैलीमा आमूल परिवर्तन आएकोतर्फ सङ्केत गरिएको छ । हिजो कोही आफन्त नभएको मानिस पनि आज हजारौं शत्रु र मित्र बटुल्न सफल भएको छ । हिजो अनादर गर्नेले पनि आज आदर गर्छन् र हिजो आदर गर्नेले आज अनादर गर्छन् । समय परिवर्तन भएको छ । त्यसैले हिजो र आजमा व्यापक भिन्नता आएको कुरा माथिको कविताांशमा प्रस्तुत गरिएको छ ।

## ४.६ सरिता तिवारीको गद्य कविताको विश्लेषण

सरिता तिवारीद्वारा सिर्जना गरिएको **रात**शीर्षकको कविता हिमशिखर साहित्यिक पत्रिकाको पहिलो अङ्कमा प्रकाशित भएको पाइन्छ छ । अध्ययका दृष्टिले यिनको एउटा मात्र कविता परेको छ । यिनले यस कविता मार्फत आफूले रातको समयमा देखिने अनुभूतिका विभिन्न विषयमा आफ्ना दृष्टिकोणको चर्चा गरेकी छन् । जस्तै :

*मान्छेहरू*

*पर्खन्छन् रातलाई*

*उज्यालो छलेर*

*अवैधताको कारोबार गर्न,*

*मान्छेहरू तर्सन्छन रातसँग ( हिमशिखर, पृ. ३९)*

प्रस्तुत कवितामा कवयित्री तिवारीले मानिसहरू अवैध कारोबारसँग सम्बन्धित जुनसुकै क्रियाकलाप पनि रातारात हुने गरेको र ती कार्य हिंस्रक, पशुवत् हुने गरेको छ भन्दैत्यस्ता कार्यका लागि रातको प्रतिक्षा गरिने कुरा उल्लेख गरेकी छन् ।

## ४.७ रेशम पौडेलको गद्य कविताको विश्लेषण

हिमशिखर साहित्यिक पत्रिकाको पहिलो अङ्कमा **तिम्रो लागि मैले केही गर्न सकिन** शीर्षकको कविता कवि रेशम पौडेलद्वारा रचना गरिएको एक मात्र कविता रहेको पाइन्छ । यस कविता मार्फत् कवि पौडेलले आफूले देशका लागि केही गर्न नसकेको प्रतिको गुनासो भावलाई कविता मार्फत् व्यक्त गरेका छन् । *जस्तै:*

*मैले हार्न सकिनँ*

*जीत मैले सोच्नै सकिने*

*किनकि जिन्नु छ भने मैले आकाशको तारा छुनुपर्छ रे ।*

*रापिला आगाका लम्काहरूलाई*

*सहजरूपले पिउनु पर्छ रे*

*निर्विवाद बगेका नदीहरूलाई*

*मैले आफ्नै दिशामा फर्काइ दिनुपर्छ रे ।*

*(हिमशिखर पृ. ९३ )*

यहाँ कविले आफूले हार्न पनि नसकेको र जितको कल्पना पनि गर्न नसकेको हुँदा बाध्यतामा परेको तर्क गरेका छन् । संघर्षको मैदानबाट अगाडि बढेर आकाशका तारा छुन, आगोका रापिला लम्काहरूलाई पिउन, नदीको गतिलाई रोक्न सक्ने साहस आफूमा नभएको हुँदाँ आफूले देशको लागि केही गर्न नसकेको गुनासो व्यक्त गरेका छन् ।

## ४. ८ मोती पराजुलीको गद्य कविताको विश्लेषण

मोती पराजुलीद्वारा सिर्जना गरिएको **हिमशिखर** शीर्षकको कविता हिमशिखर साहित्यिक पत्रिकाको दोस्रो अङ्कमा प्रकाशित छ । अध्ययनका लागि यिनको यो एउटा मात्र कविता रहेको छ । उनले यस कविता

मार्फत् हिमशिखर अर्थात् हिमाललाई प्रतीक बनाएर साहित्यिक पत्रिकाको उन्नति प्रगतिको चाहना प्रकट गरेका छन् । जस्तैः

*पृथ्वीका माझमा*

*अटल आसन जमाएर*

*पृथ्वीवासीहरूको देखभाल गर्दै*

*स्थायित्वको सन्देश दिइरहेछ, हिमशिखर!*

*(हिमशिखर, पृ. ६३)*

यहाँ पृथ्वीको माझमा अटल आसन जमाएर सम्पुर्ण पृथ्वीवासीहरूको रेख देख गर्दै अटल स्थायित्वको सन्देशहेमजा साहित्य प्रतिष्ठानद्वारा नियमित रूपमा प्रकाशित हुँदै आएको हिमशिखर पत्रिकाले दिइरहेको कुरा कवितामार्फत् प्रस्तुत गरिएको छ ।

## ४.९ टिकाराम उपाध्यायको गद्य कविताको विश्लेषण

**जुवाको घाऊ**शीर्षकको कविता रचना गरेका टिकाराम उपाध्यायको विश्लेषणका लागि एउटा मात्र कविताहिमशिखर साहित्यिक पत्रिकाको तेस्रो अङ्कमा प्रकाशित छ । यस कविता मार्फत कवि उपाध्यायले गोरुले खेत जोत्ने क्रममा उसको काँधमा लागेको जुवाको घाऊ देखेर मनमा उत्पन्न विचार र अनुभुतिलाई प्रकट गरेका छन् । जस्तैः

*बाँझो खेत*

*बुढो गोरु*

*अगाडि हलीको हातमा*

*थामिएको छ अनौं*

*अब कसरी भनौ*

*न होला काँधमा घाऊ ।*

*( हिमशिखर, पृ. १६)*

प्रस्तुत कविताले बुढो र जीर्ण बनेको गोरुले बाँझो खेत जोत्नको लागि तयार हुनुपरेको र एउटा अपरिपक्व हलीको हातमा हलोको अनौ परेको हुनाले गोरुको काँधमा घाऊ नै घाऊ भएको कुरा उल्लेख गर्दै उसको कारुणिक अवस्थाको चित्रण गरेका छन् । जतिसुकै दुःख कष्ट भए पनि त्यसलाई स्वीकार्दै भोग्न बाध्य भएको कुरा समेत व्यक्त गरिएको छ ।

## ४.१० इन्द्र कुमार विकल्पको गद्य कविताको विश्लेषण

कवित इन्द्रकुमार विकल्पको **मन र पानी**शीर्षकको कविता हिमशिखर साहित्यिक पत्रिकाको चौथो अङ्कमा प्रकाशित छ । विकल्पले यस कविता मार्फत पानीको र मनको कुनै स्थिर आकार नहुने कुरालाई जोड दिएका छन् । जस्तैः

*यी ढुङ्गा , बालुवा र बौरेठेहरूको संगती मन*

*सधैँ सधैँ कठोर कठो बन्दै जान्छ ।*

*आस्थाले म, पानीलाई प्रणाम गर्छु*

*अनस्थाले म, कठोरतालाई घृणा गर्छु ।*

*(हिमशिखर पृ. ३६ )*

यहाँ मनको अस्थिरता र चञ्चलतालाई ढुङ्गा, बालुवा र बौरेठेहरूसँग तुलना गरिएको छ । पानीलाई सफा, शुद्ध निर्मल र पवित्रताको प्रतीक मानिएको छ । त्यसैले कठोर मनप्रति घृणा गरी पानीको नरमप्रति श्रद्धाभाव प्रस्तुत गरिएको छ ।

## ४.११ लक्ष्मण थापाको गद्य कविताको विश्लेषण

हिमशिखर साहित्यिक पत्रिकाको चौथो अङ्कमा प्रकाशित कवि लक्ष्मण थापाको कविताको शीर्षक **माया र मायाहरू** रहेको छ । विश्लेषणका लागि यिनको एउटा मात्र कविता रहेको छ । उनले यस कविता

मार्फत् आफूलाई देशको माया लाग्ने र मायाहरूको सुन्दरतालाई सजाउने चाहना भएको कुरा प्रकट गरेका छन् । जस्तै :

*मलाई केही गर्न मन लाग्छ*

*मलाई केही गरेर मर्न मन छ*

*त्यसैले हे माया*

*त्यसैले हे मायाहरू*

*मलाई छिनो र घन देऊ*

*म झुल्ने बगैँचा बनाउन चाहन्छु*

*म ताजमहल बनाउन चाहन्छु*

*म मायाको अमर मन्दिर बनाउन चाहन्छु ।*

*(हिमशिखर, पृ. ५०)*

यहाँ कविले आफूले केही गर्न मन लागेको र केही गरेर मात्र मर्न चाहना भएकाले यदि सबैले माया दिएर उत्साह भरिदिएमा आफूले सुन्दर बगैँचा र ताजमहल अनि मायाको अमरताको मन्दिर खडा गर्न सक्ने विचार प्रस्तुत गरेका छन् ।

## ४.१२ इमनाथ पौडेलको गद्य कविताको विश्लेषण

कवि इमनाथ पौडेलको हिमशिखर साहित्यिक पत्रिकाको पाचौ अङ्कमा**वर्तमान**शीर्षकको कविता प्रकाशित भएको छ । यिनले यस कवितामा यथार्थ स्थितिको चित्रण गरेका छन् । जहाँवर्तमान समय र परिस्थितिको यथार्थ चित्रण गरेका छन् । जस्तैः

*चकमन्न रातमा*

*निष्पक्ष अँध्यारो स्वतन्त्र विचरण गर्ने रातमा*

*कतैबाट अतिक्रमणको ध्वनि आयो ।*

*विकराल प्रलय अग्नि धुँवायो*

*हाहाकार गर्दै यसले उच्छलकद मच्चायो*

*त्राहि त्राहि पार्दै शयनकक्ष उडायो*

*अन्यायको विगुल फुकेर पीडा घोलित आर्तनाद करायो*

*नैसर्गिक अधिकार खोज्दै मानवीयता करायो ।*

*सपनासम्म देख्न नपाउदै आमा*

*रातजस्तै शान्त बिहानीमा कुन्नि को को हरायो ।*

*( हिमशिखर पृ ८८)*

यहाँ रातको सुनसान अन्धकारमा पनि विकराल ध्वनि गुञ्जिएर प्रलयको अग्नि धुँवाइरहेको र त्यसले सम्पूर्ण मानिसलाई त्राहि त्राहि बनाएको अनि मानिसले आफ्नो मानवता बिर्सेर हत्या, हिंसा, लुटपाट, आतङ्क, अपहरण जस्ता कुकृत्यमा संलग्न भएको वर्तमान समयको गतिप्रति कविले चिन्ता प्रस्तुत गरिएका छन् ।

## ४.१३ ध्रुव श्रेष्ठको गद्य कविताको विश्लेषण

कवि ध्रुव श्रेष्ठ हिमशिखर पत्रिकामा **उज्यालोको खोजी** शीर्षकको कविता लिएर उपस्थित भएका छन् । यो कविता हिमशिखर पत्रिकाको पाचौ अङ्कमा प्रकाशित भएको छ । उनले यस कविता मार्फत् मानिस सधै उज्यालोको खोजीमा तल्लीन रहने कुरा उल्लेख गरेका छन् ।जस्तैः

*उज्यालोको रहर सबैलाई हुन्छ*

*रहरले कुर्दिनहोला म पनि*

*उज्यालो खोजको कठिन यात्रामा ।*

*(हिमशिखर, पृ ५४)*

माथिको कवितामा मार्फत् सबै मानिसलाई अन्धकार मन नपर्ने र उज्यालोको चाहना हुने भएकाले मनिस उज्यालोको खोजिको लागि अनेकन कठिन यात्रालाई पनि सामना गर्दै त्यो यात्रामा सहभागी हुन बाध्य हुनु पर्ने कुरा प्रस्तुत गरिएको छ ।

## ४.१४ शिवमणि त्रिपाठीको गद्य कविताको विश्लेषण

हिमशिखर साहित्यिक पत्रिकामा प्रकाशित गरिएको **छद्म मानव** शीर्षकको कविता कवि शिवमणि त्रिपाठीद्वारा रचना गरिएको हो । यो कविता हिमशिखर पत्रिकाको तेस्रो अङ्कमा प्रकाशित भएको छ । यस कवितामा कविले कविता रचनाका क्रममा लगाइएको आरोपको खण्डन गर्दै त्यसप्रति गुनासो भाव व्यक्त गरेका छन् । जस्तैः

*द्रोणाचार्यजस्तै, म निर्धक्क भन्न सक्छु*

*अक्षरमा पसिना नपढ्नेहरू*

*क्रन्दनको संगीत नसुन्नेहरू*

*मान्छे हुनै सक्दैनन्*

*मित्र*

*म तपाइँमा त्यही छद्मको आभाष पाइ रहेछु*

*मानव दर्पण हुनु पर्छ*

*मान्छेको, समाजको, राष्ट्रको*

*(हिमशिखर, पृ ९०)*

प्रस्तुत कविता मार्फत् कविले कविताका नाममा धावा बोलेका प्रति प्रतिवाद गरेका छन् । जहाँ कविका प्रति कुनै व्यक्तिले आफ्ना कविताका लागि गरेको हलुका र सतही टिप्पणीमाथि गुनासो गर्दै आफूले कविता सिर्जना गर्दा निस्केका पसिनालाई आत्माका रूपमा तुलना गरी त्यसैमा आफू बाँचेको धारणा व्यक्त गर्दै कविता नपढ्ने र सङ्गीत नसुन्ने मानिसहरूमा संवेदनशीलता नहुने र तिनमा मानवीयताको

धारणासमेत नपाइने हुनाले ती मानिसहरू वास्तविक मानिस नभै छद्‌म मानिस भएको कुरा व्यक्त गरेका छन् ।

## ४.१५ यमनाथ देवकोटाको गद्य कविताको विश्लेषण

कवि यमनाथ देवकोटाद्वारा रचना गरिएको **बुद्धका आँखा च्याति रहेछ** शीर्षकको कविता हिमशिखर साहित्यिक पत्रिकाको दोस्रो अङ्कमा प्रकाशित गरिएको छ । यस कवितामा वर्तमान समयमा मानिसले निर्माण गरेका आणविक अस्त्र सस्त्रले मानिस जाति नै समाप्त हुन लागेको प्रति गुनासो भाव व्यक्त गरेका छन् । जस्तैः

*ध्वंसात्मक हतियारका अवयवहरू पसेर*

*मानिसले पुस्तौदेखि आर्जन गरेका*

*ज्ञान र सीपलाई खरानी बनाएको*

*आफूले बेहोसी मदिरा पिएर*

*अरूलाई वेसेरी लाएको संझने बुद्धु मान्छेले*

*बुद्धको साख्खै चेलो भएर*

*बुद्धका अर्धमिलित आँखा*

*सकी नसकी च्यातिरहेछ ।*

*(हिमशिखर, पृ २२)*

माथिका कविता मार्फत् कविले वर्तमान समयमा मान्छे मान्छेका बीचमा विश्वास नभएका प्रति गुनासो गरेका छन् । गोला बारुदले मानव र पर्यावरणलाई नै नष्ट गरेको छ । मान्छेले सिर्जना गरेका हरेक वस्तुको विनाश भई रहेको छ । मान्छेले प्राप्त गरेका ज्ञान, सीप, क्षमतालाई ध्वंसात्मक हतियारले खरानी बनाइ रहेका छन् । अझ आफूलाई शान्तिको पुजारी र गौतम बुद्धको चेला संझने मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

## ४.१६ निष्कर्ष

यस परिच्छेदमा मुख्यतःहेमजा साहित्य प्रतिष्ठानद्वारा प्रकाशित हिमशिखर पत्रिकामा प्रकाशित गद्य कविताहरू मध्ये केही प्रमुख कविका कविताहरू र केही प्रतिनिधि कविका कविताहरू संक्षिप्त रूपमा विश्लेषण गरिएको छ । त्यसक्रममा कवि अन्तर्गत सरूभक्तका सरूमा रानी मलाई कुहिरोमा हराएको गाउँ खोजी देऊ, परेवाहरू, हिमाल र नदीहरू, सल्यक्रिया सशस्त्र ऐनाहरूः रगतका नदीहरू तथा शताब्दीको कालरात्रि गरी छवटा कविताको विश्लेषण गरिएको छ । कवि रमेश श्रेष्ठका निदका पैतालाहरू टेकेर, अर्को महाभिविष्क्रमको तयारीमा, भुमिहीन कविता, प्रेमभूमिका गीतहरू, आस्थाको उद्घोषण,संवादको किनारामा, अप्रीय उद्घाटन, धम्पुस साइला र सपनाहरू, खबरहरूको एक दिन तथा हराएको मान्छे गरी १० वटा कविताको विश्लेषण गरिएको छ । त्यसैगरी कवि तीर्थ श्रेष्ठका आमा, राजधानीसँग र विदाइको गीत गरी तिनवटा कविताको विश्लेषण गरिएको छ भने कवि दामोदर त्रिपाठीको चन्दा, आवादवस्ती, शहर, आवाजहरू, मार्टिना १ र हिमाल तिम्रो हिउँ पग्लिनुपर्छ गरी ६ वटा कविताको विश्लेषण गरिएको छ । कवि कृष्ण उदासीका इनकलाब जिन्दाबाद, मान्छे र मान्छेहरू, हुँकारको अर्थ, रातो किरण तथा हिजो र आज गरी पाँचवटा कविताको विश्लेषण गरिएको छ ।यस्तै गरी प्रतिनिधि कवि अन्तर्गत कवयत्री सरिता तिवारीको रात कविता, रेशम पौडेलको तिम्रो लागि मैले केही गर्न सकिन, कवि मोति पराजुलीको हिमशिखर, टिकाराम उपाध्यायको जुवाको घाऊ, शिवमणि त्रिपाठीको छद्म मानव, इन्द्रकुमार विकल्पको मन र पानी, लक्ष्मण थापाको माया र मायाहरू, इमनाथ पौडेलको वर्तमान र ध्रुवराज श्रेष्ठको उज्यालोको खोजीमा, शिवमणि त्रिपाठीको छद्म मानिस र यमनाथ देवकोटाको बुद्धका आँखा च्याति रहेछ गरी जम्मा चालिसवटा कविताको विश्लेषण गरिएको छ ।

# अध्याय पाँच

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत शोधपत्रलाई वैज्ञानिक, व्यवस्थित, सरल र सहजरूपमा प्रस्तुत गर्नका लागि ५ वटा विभिन्न परिच्छेदमा विभाजन गरिएको छ । पहिलो अध्यायमा शोध परिचय अन्तर्गत विषय परिचय, समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको विवरण, शोधको औचित्य, शोधको सीमाङ्कन, शोध विधि अन्तर्गत सामाग्री सङ्कलन तथा विश्लेषण विधि र शोधको रूपरेखालाई अलग अलग उपशीर्षकमा राखेर चर्चा गरिएको छ ।

दोस्रो अध्यायमा काव्यको सैद्धान्तिक स्वरूपलाई प्रस्तुत गरिएको छ । जसमा कविताको परिचय, परिभाषा अन्तर्गत संस्कृत साहित्यमा कविताको परिभाषा, पाश्चात्य साहित्यमा कविताको परिभाषा र नेपाली साहित्यमा कविताको परिभाषालाई उल्लेख गरिएको छ । साथै कविताको वर्गीकरण र स्वरूप अन्तर्गत प्रगीतात्मक, अख्यानात्मक र नाटकीय गरी वर्गीकरणसमेत गरिएको छ । यस्तै कविताका तत्वहरू, कविताको विधागत स्वरूप तथा आयाम नेपाली कविताको ऐतिहासिक विकासक्रम जस्ता विषयमा सामान्य चर्चा गरिएको छ ।

तेस्रो अध्यायमा हेमजा साहित्य प्रतिष्ठान र हिमशिखर पत्रिकाको संक्षिप्त चिनारी अन्तर्गत हेमजा साहित्य प्रतिष्ठानको परिचय, यसको उद्देश्य, हेमजा साहित्य प्रतिष्ठानद्वारा सञ्चालित विविध गतिविधिहरू, हिमशिखर पत्रिकाको चिनारी एवम् हिमशिखर पत्रिकामा आवद्ध केही गद्य कवि र तिनका कविताहरूको विवरणात्मक सुची प्रस्तुत गरिएको छ ।

चौथो परिच्छेदमा मुख्यत हेमजा साहित्य प्रतिष्ठानद्वारा प्रकाशित हिमशिखर पत्रिकामा प्रकाशित गद्य कविताहरू मध्ये केही प्रमुख कविका कविताहरू र केही प्रतिनिधि कविका कविताहरूको संक्षिप्त रूपमा अध्ययन गरी विश्लेषण गरिएको छ । त्यस क्रममा कवि अन्तर्गत सरूभक्तका सरूमा रानी मलाई कुहिरोमा हराएको गाउँ खोजी देऊ, परेवाहरू, हिमाल र नदीहरू, सल्यक्रिया सशस्त्र ऐनाहरूः रगतका

नदीहरू तथा शताब्दीको कालरात्रि गरी छवटा कविताको विश्लेषण गरिएको छ । कवि रमेश श्रेष्ठका निदका पैतालाहरू टेकेर, अर्को महाभिविष्क्रमको तयारीमा, भूमहीन कविता, प्रेमभूमिका गीतहरू, आस्थाको उद्घोषण, संवादको किनारामा, अप्रीय उद्घाटन, धम्पुस साइला र सपनाहरू, खबरहरूको एक दिन तथा हराएको मान्छे गरी १० वटा कविताको विश्लेषण गरिएको छ । त्यसैगरी कवि तीर्थ श्रेष्ठका आमा, राजधानीसँग र विदाइको गीत गरी तिनवटा कविताको विश्लेषण गरिएको छ  भने कवि दामोदर त्रिपाठीको चन्दा, आवादवस्ती, शहर, आवाजहरू, मार्टिना १ र हिमाल तिम्रो हिउँ पग्लिनुपर्छ गरी ६ वटा कविताको विश्लेषण गरिएको छ ।

यसै गरी कवि कृष्ण उदासीका इनकलाब जिन्दाबाद, मान्छे र मान्छेहरू, हुँकारको अर्थ, रातो किरण तथा हिजो र आज गरी पाँचवटा कविताको विश्लेषण गरिएको छ । यस्तै गरी प्रतिनिधि कवि अन्तर्गत कवयत्री सरिता तिवारीको रात कविता, रेशम पौडेलको तिम्रो लागि मैले केही गर्न सकिन, कवि मोती पराजुलीको हिमशिखर, टिकाराम उपाध्यायको जुवाको घाऊ, शिवमणि त्रिपाठीको छद्म मानव, इन्द्रकुमार विकल्पको मन र पानी, लक्ष्मण थापाको माया र मायाहरू, इमनाथ पौडेलको वर्तमान र ध्रुवराज श्रेष्ठको उज्यालोको खोजीमा, शिवमणि त्रिपाठीको छद्म मानिस र यमनाथ देवकोटाको बुद्धका आँखा च्याति रहेछ गरी जम्मा चालिसवटा कविताको विश्लेषण गरिएको छ । यस्तै पाँचौ अनुच्छेदमा अध्यनको सारांश र निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

हेमजा साहित्य प्रतिष्ठानको स्थापना वि.सं. २०५४ सालमा त्याहाँका स्थानीय वुद्धिजीवीएवम् समाजसेवीको सक्रियतामा भएको हो । यसले पोखरा आसपासको क्षेत्रलाई आफ्नो कार्यस्थल बनाएको पाइन्छ । यस प्रतिष्ठानले २०५७सालदेखि नियमित रूपमा हिमशिखर शीर्षक साहित्यिक पत्रिका वार्षिक रूपमा प्रकाशन गर्दै आएको छ । यस पत्रिकाले पोखरा आसपासका साहित्यकारहरूको साहित्य लेखन तथा प्रकाशनमा सहयोग पुऱ्याएको पाइन्छ । यस शोधमा खासगरी हिमशिखर साहित्यिक पत्रिकाको अङ्क १ देखि १० सम्मका पत्रिकामा प्रकाशित गद्य कविताहरू मध्ये केही प्रमुख गद्य कवि र तिनका गद्य कविताहरूको संक्षिप्त विश्लेषण प्रस्तुत गरिएको छ ।

यस अध्ययनमा १५ जना कवि र तिनका ४० वटा कविताहरूलाई नमुनाका रूपमा छनौट गरी त्यसको व्याख्या विश्लेषण गरिएको छ । यसरी छनौट गरिएका कवितामा मुख्यतः प्रकृतिको बिग्रदो अवस्थाप्रति चिन्ता, शान्तिको चाहना, प्राकृतिक सौन्दर्य, द्वन्द्व, राष्ट्र र राष्ट्रियता, आफन्तसँगको वियोग, मानिसको कष्टप्रद जीवनशैली, मानवीयता ह्रास, वियोग, राष्ट्रमोह, ग्रामीण सभ्यताप्रति मोह, लोकतन्त्रप्रति गुनासा, सहरी सभ्यताको चित्रण, हत्या, हिंसा र आतङ्क, सामाजिक अन्याय, अत्याचार, क्रान्तिकारी चेतना, नैरास्यता, मानवीय प्रवृत्ति, राष्ट्रप्रतिको चिन्ता, कारूणिकता, आधुनिकताका नाममा मानवीय जीवन नै संकटमा परेकोजस्ता भावहरू कवितामा अभिव्यक्त भएको पाइन्छ । यी कविताहरूका अध्ययनले नेपाली कविता जगत्मा विशेष जानकारी गराएका छन् ।

यहाँ अध्ययन गरिएको विषयक्षेत्रले मा हिमशिखर पत्रिकामा प्रकाशित रचनाहरको अध्ययन पूर्ण नहुने भएकाले हिमशिखर पत्रिकामा प्रकाशित भएका रचना अन्तर्गत भावी शोधका लागि सम्भावित शीर्षकहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. हिमशिखर पत्रिकामा प्रकाशित पद्य कविताहरूको अध्ययन,

२. हिमशिखर पत्रिकामा प्रकाशित गजलको अध्ययन,

३. हिमशिखर पत्रिकामा प्रकाशित मुक्तकको अध्ययन,

४. हिमशिखर पत्रिकामा प्रकाशित समीक्षात्मक लेखहरूको अध्ययन ।

## सन्दर्भग्रन्थसूची


अवस्थी, महादेव(२०६४),**आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**.काठमाडौंःइन्टेलेक्ट्युयल बुक प्यालेस ।

अधिकारी, हेमाङ्गराज (२०५०),**पूर्वीय समालोचना सिद्धान्त**. काठमाडौँ : साझा प्रकाशन ।

आचार्य, गोविन्द प्रसाद (२०६५),**साहित्य सिद्धान्त**. काठमाडौँ : पैरवी प्रकाशन ।

उपाध्याय, केशब प्रसाद ( २०४४),**साहित्य प्रकाश.**(चौ.सं) काठमाडौं : क्षितिज प्रकाशन ।

के.सी., सरस्वती कुमारी (२०६६,) **नेपाली साहित्यको विकासमा हेमजा साहित्य प्रतिष्ठानको संस्थागत योगदान**. अप्र. स्नातकोत्तर शोध पत्र. पोखरा : नेपाली विभाग, पृ.ना. क्याम्पस ।

गौतम, लक्ष्मण (२०६६),**समकालीन नेपाली कविताका प्रवृत्ति**. काठमाडौँ : पैरवी प्रकाशन ।

जोशी, कुमार बहादुर (२०५२),**महाकवि देवकोटा र उनका काव्य**. ललितपुर : साझा प्रकाशन ।

जोशी, कुमार बहादुर (२०४७),**देवकोटाका कवितायात्राको विश्लेषण र मूल्याङ्कन.** काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

ज्ञवाली,रामप्रसाद र अन्य (२०६३),**नेपाली कविता काव्य.** काठमाडौं : भुडीपुराण प्रकाशन ।

ढुङ्गेल, भोजराज(२०६२),**नेपाली कविता र काव्य.** काठमाडौं : एम. के पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) (२०६५),**नेपाली कविता भाग ४.** काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०४८),**पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १**.(ते.सं)काठमाडौं : साझा प्रकाशन ।

थापा, हिमांशु(२०५०),**साहित्य परिचय.**(चौ.सं) काठमाडौं : साझा प्रकाशन ।

नेपाल, देवी(२०६२), **छन्दपरम्परा**. काठमाडौं : भुँडीपुराण प्रकाशन।

न्यौपाने, टंकप्रसाद(२०४९),**साहित्यको रूपरेखा.** (दो.सं) काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, भानुभक्त ( २०४०),**सिद्धान्त र साहित्य**. काठमाडौं : कुल चन्द्र शर्मा ।

पौडेल, विष्णुप्रसाद (२०५८), संस्कृत काव्यशास्त्र. काठमाडौं : भुँडीपुराण प्रकाशन ।

पौडेल, भेषराज (२०६४),**कवि तीर्थ श्रेष्ठका कविताको विश्लेषण** अप्र. स्नातकोत्तर शोध पत्र. पोखरा : नेपाली विभाग, पृ.ना. क्याम्पस ।

भण्डारी, पारसमणि र माधव प्रसाद गौतम (२०६८),**साहित्य शास्त्र र नेपाली समालोचना.** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

..................... (२०६८),**नेपाली कविता र काव्य.** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

रेग्मी, शारदा (२०७२),**हिमशिखर पत्रिकामा प्रकाशित निबन्धहरूको अध्ययन.**अप्र. स्नातकोत्तर शोध पत्र. पोखरा : नेपाली विभाग, पृ.ना. क्याम्पस ।

रिसाल, राममणि (२०५८),**नेपाली काव्य र कवि.** ललितपुर : साझा प्रकाशन ।

लुइँटेल, खगेन्द्र प्रसाद (२०६०),**कविता सिद्धान्त र नेपाली कविताको इतिहास.** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सिग्देल, शान्ति (२०७२),**आदर्श समाज पत्रिका (२०६८) मा प्रकाशित कविताको अध्ययन**. अप्र. स्नातकोत्तर शोध पत्र. पोखरा : नेपाली विभाग, पृ.ना. क्याम्पस ।

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुइँटेल (२०६५), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपीकृष्ण (२०६३),**संस्कृत साहित्यको रूपरेखा**. काठमाडौँ अभिनव प्रकाशन ।

शर्मा, तारानाथ (२०२९),**नेपाली साहित्यको ऐतिहासिक परिचय**. काठमाडौँ : सहयोगी प्रकाशन ।